## विश्वासीहरूका निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी

# पत्रुसको दोस्रो पत्रको टिप्पणी

# पत्रुसको दोस्रो पत्र

## पत्रुसको दोस्रो पत्रको भूमिका

*'पत्रुसको दोस्रो पत्रको श्‍वास-प्रश्‍वासमा ख्रीष्‍ट येशू हुनुहुन्छ, र प्रभु येशूको अन्तिम उद्देश्य कहिले, अँ, कहिले पूरा हुन्छ होला भन्‍ने प्रतिक्षाको दृष्‍टिकोणले यो पत्र लेखिएको हो ।'*

*श्री ए. जी. होम्रिग्हाउसेन*

### १) कानुनमा त्यसको अद्वितीय स्थान

यहाँ शुरुमा उद्धृत गरिएका उक्त दुई अर्थपूर्ण वाक्यहरू श्री ए. जी. हाम्रिग्हाउसेनले लेखेका हुन्; तर उनले यो पत्र पत्रुसको रचना हो भन्‍ने कुरा इन्कार गर्छन्; अनि वर्तमान समयमा उनीजस्तै अरू धेरै धर्मविद्वान्‌हरू छन् । तर उनले कुरा यहाँसम्म स्वीकार गरेका छन्, कि हाम्रो हातमा परेको पत्रको रस, शैली र भाव पत्रुसको हो ।[1)] तब अर्थगर्भित कुरा के हो भने, उनले यी दुईवटा वाक्यमा पत्रुसको दोस्रो पत्रको संक्षिप्‍त सार साह्रै मज्जाले व्यक्त गरेका छन्; किनभने पत्रुसको दोस्रो पत्रको अद्वितीय योगदान यसैमा छ ।

चारैतिरबाट थाहा लागेको छ, कि धर्मपतनको समय यो हो। यसको अँध्यारो, चिसो छाया सबै कुराहरूमाथि परेको छ। तर यस नकारात्मक वातावरणमा यस छोटो पत्रको दृष्टि हाम्रा प्रभु येशूको दोस्रो आगमनमाथि केन्द्रित रहन्छ, र उहाँको बाटो हेर्दछ। यो पत्र निक्कै व्यक्तिगत हो, र यसले पत्रुसको जीवन र व्यक्तित्वको सम्भना दिलाउँछ; तर यसको खास श्वास-प्रश्वास ख्रीष्ट येशू हुनुहुन्छ। यसकारण यो सानो पत्र तपाईंसँग बोल्न दिनुहोस्, आफ्नो पक्षमा बोल्न दिनुहोस्!

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

नयाँ नियमको विषयमा अमेरिकाका एकजना नामी धर्म-रक्षक बाइबल-विद्वान् छन्, जसले हालैमा यसो भनेका छन्ः 'पुरानो नियममा यशैया र दानियलका पुस्तकहरू भएझैं नयाँ नियममा पत्रुसको दोस्रो पत्र पनि छ, जसको समालोचनाको सम्बन्धमा शास्त्रसम्मतताको सही दृष्टिकोणले यसो भन्न सकिन्छः को बच्चा हो अनि को निपुण र परिपक्व हो, सो कुरा यहाँ छुट्टिन्छ।' हिजोआजका टिप्पणीकारहरूले पत्रुसचाहिँ यस दोस्रो पत्रको लेखक हुने कुरा खण्डन गर्न पनि खोज्दैनन्; किनभने तिनीहरूको विचारमा, प्रेरित पत्रुस यस दोस्रो पत्रको लेखक होइनन् भन्ने कुरा प्रमाणित भइसक्यो। यसबाट तपाईं बुभ्न सक्नुहुन्छः पत्रुसको दोस्रो पत्रबाहेक नयाँ नियमको अर्को कुनै पुस्तक छैन, जुन पुस्तकको विषयमा यो पुस्तक मौलिक लेख हो भन्ने कुरा ग्रहण गर्न उत्तिकै गाह्रो पर्छ। तर यति भनेपछि हामी यो पनि भनिहालौंः यो पुस्तक पत्रुसको मौलिक लेखको रूपमा स्वीकार गर्न जति जटिल समस्याहरू पेश गरिएका छन्, ती जटिल समस्याहरू खास गरी पेश गरिएजत्तिकै जटिल नै छैनन्।

*बाहिरी प्रमाणहरूः*

यसपालि पत्रुसको दोस्रो पत्रका निम्ति बाहिरी प्रमाणस्वरूप पोलिकार्प, इग्नाटियुस र इरेनेयसका लेखहरूबाट केही उद्धृत गर्न सकिँदैन। तर शुरुको मण्डलीको शिक्षाअनुसार यहूदाको पत्रचाहिँ

पत्रुसको दोस्रो पत्रको पछाड़ि लेखिएको मानिन्छ। यसो हो भने, हामीसँग पहिलो शताब्दीमा लेखिएको अनुप्रमाणित गर्ने एउटा लेख छँदैछ; किनभने यहूदाको पत्रमा पत्रुसको दोस्रो पत्रलाई साक्ष्यङ्कण गरिएको कुरा पाइन्छ (बढ़ी जानकारीको निम्ति तपाईंले यहूदाको पत्रको टिप्पणीको भूमिकामा हेर्नुहोला)। अनि जर्मन धर्मविद्वान् श्री थेओडोर जाह्नलाई योबाहेक अरू बढ़ता प्रमाण केही पनि चाहिँदैन। यसले उनका निम्ति कुरा टुङ्गामा ल्याएको छ। अनि यहूदाले बाहेक ओरिगेनले (इस्वी संवत् १८५-२५४) पत्रुसको दोस्रो पत्रबाट केही अंश उद्धृत गरे। त्यसपछि (इस्वी संवत् २५०-३११) ओलिम्पसको मेथोडियसले पनि यस पत्रबाट उद्धृत गरे। तिनी सम्राट डिओक्लेटियानको पालोमा शहीद भए। अनि सिजरियाको फुमिलियानले पनि यस पत्रबाट उद्धृत गरे। अनि युसेबियसको अङ्गीकार यस प्रकारको छः बहुसङ्ख्य इसाईहरूले यो पत्र मौलिक हो भनेर स्वीकार गरे; तर तिनी आफूचाहिँ यसको बारेमा शङ्कामा परेका थिए अरे।

अनि मुराटोरी कानुनमा पत्रुसको दोस्रो पत्र समावेश गरिएको थिएन; त्यस कानुनमा पत्रुसको पहिलो पत्र पनि हालिएको छैन। तर यो मुराटोरी कानुन अधूरो छ; यो एक टुक्राटुक्री दस्तावेज हो। अब जेरोमको कुरा आयो (इस्वी संवत् ३४०-४२०)। पत्रुसको दोस्रो पत्रको विषयमा उठेका शङ्काहरूको बारेमा तिनलाई पूरा थाहा थियो, तरै पनि तिनले पत्रुसको दोस्रो पत्र मौलिक लेखको रूपमा स्वीकार गरे। ठीक त्यस्तै अथनासियस (इस्वी संवत् २९३-३७३) र (इस्वी संवत् ३५४-४३०) अगुस्टीनले पनि पत्रुसको दोस्रो पत्र स्वीकार गरे। यी तीनजना मण्डलीका नामी पितृहरू थिए। अनि धर्मसुधारको बेलासम्म समस्त मण्डलीले यिनीहरूको राय विनाशङ्का स्वीकार गर्‍यो।

पत्रुसको दोस्रो पत्रका बाहिरी प्रमाणहरू निक्कै कम्ती भएको कारण के थियो होला त? पहिले, यो पत्र सानो, छोटो छ; अनि यसका प्रतिहरू धेरै बनाइएनन्, यसको वितरण पनि चारैतिर गरिएन; किनकि यस पत्रमा लेखिएका कुरा सर्वमान्य कुराहरू हुन्, यसमा नौलो कुरा केही पनि छैन। अनि यो कुरा यसको मौलिकता प्रमाणित गर्ने बुँदाको योग्य ठहरिन्छ;

किनकि झूटा शिक्षकहरूका लेख र पुस्तकहरूमा प्रेरितहरूको शिक्षामा कि त अनौठा-अनौठा थपथाप गर्ने कुराहरू, कि त उनीहरूको शिक्षा खण्डन गर्ने कुराहरू सधैं हालिएका हुन्छन् । अनि पत्रुसको दोस्रो पत्र झट्टै स्वीकार नगरिएको, तर यसको विषयमा होशियार भएको खास कारण यस्तो छः पहिला शताब्दीहरूमा पत्रुसको नाममा विभिन्न झूटा लेखहरू फैलिए, जुन लेखहरूले विभिन्न गूढ़ज्ञानका झूटा शिक्षाहरू प्रसारण गर्दथिए, जस्तै 'पत्रुसको प्रकाश' नामक लेख आदि ।

अन्तमा यो कुरा पनि जान्न उचित र आवश्यक छ, कि जतिजनाले पत्रुसको दोस्रो पत्रको विषयमा शङ्काहरू उठाए ता पनि अहिलेसम्म कुनै मण्डलीले यो पत्र नक्कली भनेर कहिल्यै अस्वीकार गर्दैनथियो ।

*भित्रीय प्रमाणहरूः*

जस-जसले प्रेरित पत्रुसचाहिँ पत्रुसको दोस्रो पत्रको लेखक होइनन् भन्ने कुरा मानिलिन्छन्, तिनीहरूले यसो गर्नलाई पत्रुसको पहिलो पत्र र तिनको दोस्रो पत्रको शैलीमा भएको भिन्नतामा जोड़ दिन्छन् । तर श्री जेरोमले यसको स्पष्टीकरण यसो दिएका छन्ः 'तिनले आफ्नो दोस्रो पत्रमा अर्को श्रुतिलेखक प्रयोग गरे ।' तर पत्रुसको पहिलो र तिनको दोस्रो पत्रको बीचमा शैलीमा खास त्यति ठूलो भिन्नता छैन । पत्रुसका यी पत्रहरू नयाँ नियमका बाँकी पुस्तकहरूसित तुलना गर्नु हो भने, तब पो तिनका पत्रहरू र अरू पुस्तकहरूको बीचमा ठूलो भिन्नता भेट्टिन्छ । पत्रुसका दुवै पत्रहरूमा वृहत् र सजीव शब्दभण्डार छ; त्यही शब्दभण्डार प्रेरितको पुस्तकमा पत्रुसका उपदेशहरूको स्रोत पनि थियो, अनि पत्रुसको जीवनमा घटेका घटनाहरूसित पनि मेल खान्छ ।

पत्रुसले आफ्नो दोस्रो पत्रमा बितेको जीवनका घटनाहरूको सन्दर्भमा जे-जे लेखे, ती कुराहरू मानिसहरूले 'यो पत्र तिनको रचना हो' भन्ने परम्परा समर्थन गर्न र खण्डन गर्न प्रयोग गरेका छन् । 'यो पत्र पत्रुसको रचना होइन' भन्ने पक्ष लिनेहरूमध्ये कोही-कोही छन्, जसका निम्ति त्यस प्रकारका सङ्केतहरू भएको भन्दा बढ़ी हुनुपर्नेथियो । फेरि अरूका निम्ति

यी सङ्केतहरू अति भए, र यो पत्र छद्म साहित्यकारको रचना हो भन्ने प्रमाण दिन्छन् अरे। तर यस पत्रको जालसाजी गर्ने कारण के पो हुन सक्नेथियो र? 'यो पत्र पत्रुसको रचना होइन' भन्नेहरू विभिन्न सिद्धान्तहरू रच्नमा अति सिपालु देखिन्छन्, तर तिनीहरूले आफ्नो मिथ्या प्रयासमा अहिलेसम्म कुनै सन्तोषजनक तर्कसँगत प्रमाण झिकाउन सकेका छैनन्।

तर हामी यो पत्र अध्ययन गर्दै जाँदा यस पत्रमै पत्रुस यसको लेखक हुनुपर्छ भन्ने विभिन्न प्रमाणहरू भेट्टाउनेछौं, जस्तैः

२ पत्रुस १ः३ पदमा यसो लेखिएको छः *'जसले हामीलाई महिमा र सद्गुणद्वारा बोलाउनुभयो।'* लेखकको भनाइअनुसार ख्रीष्ट-विश्वासीहरूको बोलावट प्रभुको महिमा र सद्गुणको फल थियो। अनि यो कुरा हामीले लूका ५ः८ पदको सम्झना दिलाउँछ, जहाँ प्रभुको महिमाले पत्रुसलाई साह्रै प्रभाविक पारेको थियो, यहाँसम्म कि तिनले 'हे प्रभु, मदेखि गइदिनुहोस्, किनकि म एउटा पापी मानिस हुँ' भनेर कराइउठे।

अनि २ पत्रुस १ः५-११ पदको खण्डमा लेखकले पाठकवर्गलाई कहिल्यै ठेस खाएर नलड्नलाई जुन निर्देशन दिन्छन्, त्यो निर्देशन पढ्नसाथ त्यसले हामीलाई पत्रुसको पतनको याद दिलाउँछ, जुन पतनले तिनलाई अति धेरै शोकित तुल्याएको थियो।

अनि यस सम्बन्धमा २ पत्रुस १ः१४ पदको ठूलो महत्त्व छ; किनभने लेखकले प्रभु येशूबाट आफ्नो मृत्युको पूर्वसूचना पाए। अनि यसको सन्दर्भ यूहन्ना २१ः१८-१९ पदहरूसित खूब मिल्छ, जहाँ प्रभु येशूले पत्रुसलाई तिनको बुढ़ेसकालको हत्यारूपी मृत्युको विषयमा भविष्यवाणी गर्नुभयो।

२ पत्रुस १ः१३-१५ पदमा लेखकले आफ्नो डेरा उठाइने बेला आएको बताए र आफ्नो मृत्युको निम्ति प्रस्थान भन्ने शब्द चलाए। अनि ठीक यी शब्दहरू लूका ९ः३१-३३ पदको खण्डमा प्रभु येशूको रूप परिवर्तन भएको घटनामा उहाँको मृत्युको सम्बन्धमा प्रयोग गरिएका छन्।

अनि २ पत्रुस १ः१६-१८ पदको खण्डको सन्दर्भ प्रभुको रूप परिवर्तन भएको घटना हो। अनि त्योचाहिँ 'यो पत्रको लेखक पत्रुस हुन्'

भन्ने कुरा समर्थन गर्ने सबैभन्दा विश्वास दिलाउने प्रमाण हो; किनभने यो घटना घट्दा लेखक स्वयम् त्यस पवित्र पहाड़मा उपस्थित भएका थिए; यसर्थ लेखक कि त पत्रुस, कि त यूहन्ना, कि त याकूब हुनुपर्छ (मत्ती १७:१)। तर २ पत्रुस १:१ पदअनुसार यो पत्रको लेखक पत्रुस नै थिए, याकूब वा यूहन्ना होइन।

२ पत्रुस २:१४ र १८ पदमा हामीले दुईपल्ट 'फसाउने' शब्द प्रयोग गरिएको पाउँछौं। यो फसाउने शब्द 'डेलेअजो' भन्ने ग्रीक भाषाको क्रियापदबाट आउँछ, जसको अर्थ चारोद्वारा प्रलोभन गरेर पक्रनु हो। योचाहिँ जालहारीहरूको शब्द हो। पत्रुसजस्तो मछुवाद्वारा प्रयोग गरिने अति सुहाउँदो शब्द हो।

अनि २ पत्रुस ३:१ पदमा लेखकले आफ्नो पहिलो पत्रको कुरा गर्छन्। त्यो पत्र पत्रुसको पहिलो पत्र भएको मानिन्छ। अनि २ पत्रुस ३:१५ पदमा लेखकले प्रेरित पावलको विषयमा साह्रै व्यक्तिगत, आत्मीय कुरा गर्छन्। प्रभुको प्रेरित पत्रुसबाहेक अरू कसले पावलको विषयमा यस प्रकारले खुला कुरा गर्न सक्नेथियो त?

अनि २ पत्रुस ३:१७ पदमा पत्रुसको जीवनको अनुभवको अर्को झलक दिलाउने अन्तिम शब्द छ। यो शब्द 'स्थिरता' हो। लूका २२:३२ पदमा प्रभु येशूले पत्रुसलाई भन्नुभयोः *'अनि तिमी फर्केपछि आफ्ना भाइहरूलाई **स्थिर पार!**'* स्थिरता शब्दको क्रियापद स्थिर पार्नु हो। अनि यो शब्द १ पत्रुस ५:१० पदमा र २ पत्रुस १:१२ पदमा प्रयोग गरिएको छ।

अन्तमा यो कुरा पनि हामी भनिहालौंः अरू पास्टरीय पत्रहरूमा गरिएझैं पत्रुसको दोस्रो पत्रमा पनि प्रेरित पत्रुसबाट धर्मत्यागीहरूलाई कड़ा आरोप लगाइन्छ; यही कारणले होला, वर्तमान समयमा पत्रुसको दोस्रो पत्रलाई यति विघ्न विरोध गरिएको छ, र मानिसहरूले प्ररित पत्रुसको यो विशुद्ध सकली रचना स्वीकार गर्न सक्दैनन्।

पत्रुसको दोस्रो पत्र अध्ययन गर्दै जाँदा हामीले प्रेरित पत्रुससित सम्बन्ध राख्ने अरू भित्री प्रमाणहरू भेट्टाउँछौं। तर त्योभन्दा महत्त्वपूर्ण कुरा यो होः आउनुहोस्, हामी बड़ो इमानदारपूर्वक यस पत्रमा ध्यान दिऔं

र प्रभु येशूले हामीलाई यसको सन्देशद्वारा के-के भन्न चाहनुभयो, सो कुरा बुझौं !

## ३) त्यस पत्रको लेख्ने मिति

पत्रुसको दोस्रो पत्रको लेख्ने मिति यसको सकलीपनको विषयमा अपनाइएको हाम्रो दृष्टिकोणमा भर पर्छ। जुन मानिसहरूले यो पत्र जालसाजी हो भन्ने विश्वास गर्छन्, ती मानिसहरूले यो पत्रको लेख्ने मिति दोस्रो शताब्दीतिर सार्ने गर्छन्। तर हाम्रो निष्कर्ष यस प्रकारको छः हाम्रो विचारमा, पत्रुसको दोस्रो पत्रको विषयमा शुरुको मण्डलीले सठीक निर्णय गर्‍यो र यो पत्र नयाँ नियमको कानुनको योग्य ठहरायो। यसकारण ऐतिहासिक र आत्मिक दृष्टिकोण लिएर हामी यस पत्रको लेख्ने मिति पत्रुसको मृत्युको ठीक अगाड़िको समयमा अर्थात् इस्वी संवत् ६६-६७ सालमा लगाइदिन्छौं; किनकि पत्रुसको मृत्यु हुने वर्ष इस्वी संवत् ६७-६८ साल थियो।

## ४) सन्दर्भ र विषयवस्तु

प्रेरित पत्रुसको यस पत्रको रचनामा हामीले दुईवटा मुख्य तत्त्वहरू देख्छौंः भविष्यवाणीको वचन (२ पत्रुस १ः१९-२१) र व्यभिचार (२ पत्रुस दुई अध्याय)। अनि यी दुईवटा तत्त्वहरू एक-अर्कोको विपरीतमा छन्, र आपसमा लड़ाइँ गर्दछन्। पत्रुसले क्षतिजमा के देखिसके भने, झूटा शिक्षकहरू उठ्न लागेका थिए, जसले विनाशकारी झूटा शिक्षाहरू भित्र्याएर ख्रीष्ट-विश्वासीहरूको बीचमा फैलाउनेछन्, जुन झूटा शिक्षाहरूले असंयमी र अश्लील जीवन जिउनेहरूलाई पूरा छुट दिन्छन्। तिनीहरूले भविष्यमा हुने परमेश्वरको भावी न्यायको खिल्ली उड़ाउँछन् (२ पत्रुस ३ः१-७)। पत्रुसको पालोमा भविष्यत् हुने कुरा यहूदाको पालोमा वर्तमान भइसकेको थियो; किनकि यहूदा १ः४ पदअनुसार यी मानिसहरू लुकीछिपी भित्र पसिसकेका थिए।

जब (इस्वी संवत् २८०-३३७) सम्राट कोन्स्टन्टाइनको पालामा र त्यसपछिको समयमा इसाई-धर्मले ख्रीष्टको दोस्रो आगमनलाई प्रिय मान्न छोड्यो, संसारलाई आफ्नो स्थायी घर बनायो र सांसारिक भयो, तब मण्डलीको नैतिकता तल झर्‍यो र त्यसमा ठूलो पतन आयो। अनि वर्तमान समयमा पनि कुरा उस्तै छ। उन्नाइसौं शताब्दीमा भविष्यवाणीरूपी सत्यताप्रति जुन जागृति र अभिरुचि थियो, त्यो जागृति र अभिरुचि धेरै जग्गाहरूमा पूरा सेलाएर गयो। अनि वर्तमान समयमा कति मण्डलीहरूमा इसाईहरूको चरित्रहीन जीवनबाट के बुझिन्छ भने, प्रेरित पत्रुसले यो पत्र लेख्न पाएको प्रेरणा सठीक प्रेरणा रहेछ; किनभने तिनले आफ्नो पत्रमा प्रस्तुत गरेको सत्यता सम्पूर्ण ख्रीष्टीय युगका विश्वासीहरूलाई अति आवश्यक छ।

# रूपरेखाः

**क) २ पत्रुस १ः१-२ः** शुभेच्छाको अभिवादन

**ख) २ पत्रुस १ः३-२१ः** उत्कृष्ट ख्रीष्टीय चरित्र विकास गर्ने आह्वान

**ग) २ पत्रुस २ः१-२२ः** झूटा शिक्षकहरूको आगमनको विषयमा भविष्यवाणी

**घ) २ पत्रुस ३ः१-१८ः** अन्तिम दिनहरूमा गिल्ला गर्नेहरू खड़ा हुनेछन् भन्ने भविष्यवाणी

# पत्रुसको दोस्रो पत्रको टिप्पणी

## क) २ पत्रुस १:१-२: शुभेच्छाको अभिवादन

**२ पत्रुस १:१:** शिमोन पत्रुसले आफ्नो परिचय दिँदा आफूलाई येशू ख्रीष्टको दास र उहाँको प्रेरितको रूपमा प्रस्तुत गर्छन्। तत्कालै हामीलाई के घत लाग्छ भने, तिनले दिएको परिचयमा कति सरलता र कति नम्रता छ। तिनी आफ्नो राजीखुशीले प्रभुको दास भएका थिए। तर परमेश्वरको नियुक्तिअनुसार तिनी प्रभु येशूको प्रेरित भए। तिनको भव्य अपाधि खोइ, कहाँ छ? तिनको प्रतिष्ठाको प्रतीक खोइ, कहाँ छ? आफ्नो परिचय दिँदा बरु तिनले बौरिउठ्नुभएको मुक्तिदाता प्रभुको सेवा गर्न पाएकोमा आफ्नो आभार व्यक्त गर्छन्।

पत्रुसको पत्र पाउने प्रापकहरूको विषयमा थोरै जानकारी मिलेको छ। उनीहरूले पत्रुस र तिनका साथीहरूले पाए जस्तोको, उस्तै बहुमूल्य विश्वास प्राप्त गरेका थिए। यसबाट तिनले अन्यजातिका विश्वासीहरूलाई यो पत्र लेखे भन्ने अनुमान लगाइन्छ; किनभने यहूदी विश्वासीहरूले पाएको विश्वास र पाठकहरूले पाएको विश्वासमा केही भिन्नता थिएन, तर यी दुई समुदायका मानिसहरूसँग उस्तै-उस्तै विश्वास थियो, र

तिनीहरूको विश्वासमा कुनै कमी थिएन। परमेश्वरको अनुग्रहको दानअनुसार मुक्ति पाउनेहरू सबैजना परमेश्वरको सामु ग्रहणयोग्य हुन्छन्, सबैजना पूरा बराबर हुन्छन् – चाहे तिनीहरू यहूदीहरू, चाहे तिनीहरू अन्यजातिका मानिसहरू किन नहोऊन्; चाहे पुरुषहरू, चाहे स्त्रीहरू; चाहे दासदासीहरू, चाहे स्वतन्त्र मानिसहरू किन नहोऊन्।

विश्वास भन्नाले ख्रीष्टीय विश्वासअन्तर्गतमा पर्ने सबै आशिषहरू बुझिन्छन्, जुन आशिषहरू तिनीहरूले प्रभु येशूमाथि विश्वास गरेर इसाई धर्ममा पसेको बेलामा पाए। यो विश्वास हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकताको फल थियो। तिनले भनेको तत्पार्य यो होः प्रभु येशूमाथि विश्वास गर्नेहरू सबैलाई विश्वासमा एउटै ठहर दिनु परमेश्वरको दृष्टिमा धार्मिक कुरा हो। किनभने ख्रीष्ट येशूको मृत्यु, उहाँको दफन र उहाँको बौरिउठाइ त्यो सत्आधार हुन्, जुन सत्आधारमा परमेश्वरले पापी मानिसहरूलाई अनुग्रह देखाउन र उनीहरूलाई विश्वास-द्वारा धर्मी ठहराउन सक्नुहुन्छ। प्रभु येशूद्वारा पापको ऋण पूरा तिरियो, पूरा चुक्ता भयो। यसकारण परमेश्वरले अब भक्तिहीन र पापी मानिस-हरूलाई उनीहरूले उहाँको पुत्रमाथि विश्वास राखेको खातिर धर्मी ठहराउन सक्नुहुन्छ।

'हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्ट' भन्ने उपाधिले प्रभु येशूलाई सम्पूर्ण ईश्वरत्व प्रदान गरेको छ। नयाँ नियमभरि उहाँका यस्ता उपाधिहरू धेरै छन्। प्रभु येशू परमेश्वर हुनुहुन्न भने यस प्रकारको उपाधिका शब्दमा कुनै अर्थ र महत्त्व रहँदैन।

**२ पत्रुस १:२:** यी पाठकहरूका निम्ति प्रेरित पत्रुसको प्रार्थनारूपी शुभेच्छा ठूलो छः उनीहरूलाई प्रशस्त अनुग्रह र प्रशस्त शान्ति भएको होस्! तर परमेश्वर र हाम्रा प्रभु येशूको पहिचानमा उनीहरूको अनुग्रह र उनीहरूको शान्ति भर पर्छ। यसकारण उनीहरूको दैनिक जीवनमा परमेश्वरको अनुग्रहको शक्तिले उनीहरूलाई सँभाल्नुपरेको थियो। यसरी नै उनीहरू उहाँको पहिचानमा बढ्नेथिए। परमेश्वरको शान्तिले उनी-हरूको हृदय रक्षा गर्नुपरेको थियो – एउटा यस्तो शान्ति, जुन शान्ति

उनीहरू हरेकको समझशक्ति नाघेर जान्छ । तर उनीहरूले उहाँको अनुग्रह र शान्तिका खुराकहरू अलि-अलि गरेर पाऊन् भन्ने तिनको विन्ती थिएन, तर यी आशिषहरू उनीहरूले प्रशस्त मात्रामा पाऊन् भन्ने तिनको चाहना थियो । ईश्वरीय आशिषहरूको खुद्रा होइन, परमेश्वरको राशैराश अनुग्रह र राशैराश शान्ति उनीहरूका भएका होऊन् !

यी आशिषहरू कसरी बढ़ेर प्रशस्त हुन जान्छन् ? परमेश्वर र हाम्रा प्रभु येशूको पहिचानमा यी आशिषहरू हाम्रो जीवनमा बढ़्दा रहेछन् । यसर्थ जति हामी परमेश्वरलाई चिन्नमा बढ़्छन्, त्यत्ति नै हामी उहाँको अनुग्रह र शान्ति बढ़ी र झन् बढ़ी अनुभव गर्छौं । यसकारण कहिलेकाहीं मात्र परमप्रधानको गुप्त स्थानमा रहनुभन्दा त्यहाँ सधैं वास गर्नु उत्तम हो (भजन ९१:१) । परमेश्वरको पवित्रस्थानमा जिउनेहरूले परमेश्वरको अनुग्रह र शान्तिको रहस्य बुझ्नेछन्; तब उहाँका चोकहरूमा किन रुङेर बस्ने ?

## ख) २ पत्रुस १:३-२१: उत्कृष्ट ख्रीष्टीय चरित्र विकास गर्ने आह्वान

**२ पत्रुस १:३:** हरेक ख्रीष्ट-विश्वासीले यस खण्डमा ठूलो चासो राख्नुपर्छ; किनभने हामी यस युगमा कहिल्यै ठेस नखाने गरी र कहिल्यै नलड्नुपर्ने गरी हिँड्न सक्छौं, सो शिक्षा यस खण्डमा पाउँछौं; अनि विजयी भएर हामी कसरी जयजयकारको साथ अर्को युगमा प्रवेश गर्न पाउँछौं, सो कुरा पनि यस खण्डले हामीलाई बताउँछ ।

पहिले ढाड़स बाँध्नुहोस्, किनभने परमेश्वरले हाम्रो निम्ति पवित्र जीवन जिउनलाई पूरा प्रबन्ध गर्नुभएको छ । यो प्रबन्ध उहाँको शक्तिको प्रमाण हो; किनभने यसो लेखिएको छः *'उहाँको ईश्वरीय शक्तिले हामीलाई जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू ... दिएको हो ।'* परमेश्वरको शक्तिले हामीलाई बचाउँछ; अनि हामीले मुक्ति पाएको क्षणदेखि उहाँको शक्तिले हामीलाई पवित्र जीवन जिउने सामर्थ्य दिन्छ र

यसको निम्ति हामीलाई सक्षम तुल्याउँछ। अनि यस पदमा क्रम यस प्रकारको छः पहिले जीवन, त्यसपछि भक्ति आउँछ। ख्रीष्टको सुसमाचार मुक्ति पाउनलाई परमेश्वरको शक्ति हो। सुसमाचारको शक्तिले हामीलाई पापको दण्डदेखि, पापको पक्राउदेखि, पापको दोष र पापको अशुद्धता-बाट बचाउँछ।

*'जीवन र भक्तिसँग सम्बन्ध राख्ने सबै कुराहरू'* भन्नाले निम्न कुराहरू समावेश हुन्छन्, जस्तैः ख्रीष्ट येशू हाम्रो निम्ति महापूजाहारीको काम गर्दै हुनुहुन्छ; पवित्र आत्मा हामीमा कार्यरत हुनुहुन्छ; स्वर्गदूतहरूले हाम्रो पक्षमा सेवा गरिरहेका छन्; प्रभुकहाँ फर्केपछि हामीले एउटा नयाँ आत्मिक जीवन पायौं, अनि वर्तमान समयमा हामी परमेश्वरको वचनको शिक्षा पाइरहेका छौं आदि।

हामीलाई बोलाउनुहुनेको पहिचानद्वारा पवित्र जीवन जिउने शक्ति आउँछ। पवित्रताको स्रोत उहाँको ईश्वरीय शक्ति हो भने, उहाँको पहिचानचाहिँ हाम्रो जीवनभित्र बग्ने त्यसको कुलोरूपी सोता हो। उहाँलाई चिन्नु अनन्त जीवन हो (यूहन्ना १७:३)। अनि जसले उहाँलाई चिन्नमा प्रगति गर्छ, उसले पवित्रतामा प्रगति गर्छ। आउनुहोस्, हामी परमेश्वरको चिन्ने ज्ञानमा बढ्दै जाऔं! तब हामी बढ़ी र झन् बढ़ी मात्रामा उहाँजस्तै हुँदै जानेछौं।

हाम्रो बोलावटचाहिँ पत्रुसको मनपर्दो विषयवस्तु हो। तिनले हामीलाई निम्न कुराहरूको सम्झना दिलाउँछन्ः **क)** अन्धकारदेखि गजबको ज्योतिमा हाम्रो बोलावट भएको छ (१ पत्रुस २:९)। **ख)** दुःख भोग्नु-भएको ख्रीष्ट येशूका पाइलाहरूमा टेकेर उहाँको पछि लाग्न हाम्रो बोलावट भएको छ (१ पत्रुस २:२१)। **ग)** गालीको बदलामा हामीले आशिष फर्काउनुपर्छ; किनभने हामी आशिषको हकदार हुनलाई हाम्रो बोलावट भएको छ (१ पत्रुस ३:९)। **घ)** उहाँको अनन्त महिमामा हाम्रो बोलावट भएको छ (१ पत्रुस ५:१०)। **ङ)** उहाँको महिमा र सद्गुणद्वारा हाम्रो बोलावट भएको छ (२ पत्रुस १:३)। उहाँले हामीकहाँ आफ्नो अद्भुत व्यक्तित्वका शोभाहरू प्रकट गर्दै हामीलाई बोलाउनुभयो भन्ने अर्थ यस

अन्तिम बुँदामा भन्न खोजिएको मतलब हो । यस सम्बन्धमा हामी टार्ससको शावलको कुरा गरौं ! दमस्कसको बाटोमा उनको बोलावट भएको थियो, जब उनले परमेश्वरको महिमा देखे । अर्को एकजना चेलाले यसो गरेर आफ्नो अनुभव व्यक्त गरेः 'मैले उहाँको महिमित अनुहारमा हेरें, त्यसपछि उहाँजस्तै नभएको जुनसुकै कुराको लागि मेरो अभिरुचि सधैंका निम्ति गुमाइपठाइयो ।' यसरी उहाँको महिमा र सर्वश्रेष्ठताद्वारा उक्त चेलाको बोलावट भयो ।

**२ पत्रुस १ः४ः** परमेश्वरको शक्तिले हामीलाई पवित्र जीवन जिउनका निम्ति दिनुभएका सबै कुराहरूमध्ये परमेश्वरको वचनमा लेखिएका उहाँका अत्यन्तै ठूला र बहुमूल्य प्रतिज्ञाहरू पनि छन् । अनुमान छ, कि पवित्र बाइबलमा कम्तीमा पनि तीस हजार प्रतिज्ञाहरू लेखिएका छन् । यस विषयमा श्री जोह्न बन्यनले यसो भनेः

> 'हाम्रो जीवनको बाटोमाथि परमेश्वरका प्रतिज्ञाहरू यति बाक्लो गरी छरिएका छन्, कि हामी त्यस बाटोमा एक कदम अघि बढ्न खोज्दा यी प्रतिज्ञाहरूमध्ये कुनै एउटामा नटेक्नु हाम्रो निम्ति असम्भव हुन्छ ।'

पत्रुसले आफ्ना पत्रहरूमा कति बहुमूल्य कुराहरू उल्लेख गरे । ती बहुमूल्य कुराहरूमध्ये परमेश्वरका प्रतिज्ञाहरू सातौं कुरा हुन् ।

**१)** हाम्रो विश्वास सुनभन्दा बहुमूल्य हुन्छ (१ पत्रुस १ः७) ।
**२)** ख्रीष्टको रगत बहुमूल्य हो (१ पत्रुस १ः१९) ।
**३)** जीवित पत्थररूपी ख्रीष्ट परमेश्वरको दृष्टिमा बहुमूल्य हुनुहुन्छ (१ पत्रुस २ः४) ।
**४)** प्रभु येशू बहुमूल्य कुनेढुङ्गा हुनुहुन्छ (१ पत्रुस २ः६) ।
**५)** विश्वास गर्नेहरू सबैका निम्ति उहाँ बहुमूल्य हुनुहुन्छ (१ पत्रुस २ः७) । अनि ...
**६)** परमेश्वरका आँखामा नम्र र शान्त आत्मारूपी अविनाशी सिँगार बहुमूल्य हुन्छ (१ पत्रुस ३ः४) । अनि अन्तमा ...
**७)** परमेश्वरका प्रतिज्ञाहरू बहुमूल्य हुन्छन् (२ पत्रुस १ः४) ।

आउनुहोस्, हामी पवित्र जीवन जिउने सम्बन्धमा दिइएका परमेश्‍वरका कतिपय प्रतिज्ञाहरू स्मरण गरौं !

**क)** *'पापले तिमीहरूमाथि राज्य गर्नेछैन'* (रोमी ६:१४)।

**ख)** *'मेरो अनुग्रह तिम्रो लागि प्रशस्त छ'* (२ कोरिन्थी १२:९)।

**ग)** *'मलाई शक्ति दिनुहुने ख्रीष्टद्वारा म सबै कुराहरू गर्न सक्छु'* अर्थात् हामी उहाँका आज्ञाहरूप्रति आज्ञाकारी हुन सक्छौं (फिलिप्पी ४:१३)।

**घ)** *'शैतानको सामना गर, र त्यो तिमीहरूबाट भाग्नेछ'* अर्थात् हामीले शैतानमाथि विजय पाउने प्रतिज्ञा पाएका छौं (याकूब ४:७)।

**ङ)** परीक्षाको साथसाथै हामी उम्किने बाटो पनि पाउँछौं (१ कोरिन्थी १०:१३)।

**च)** हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँ हामीलाई हाम्रा पापहरू क्षमा गर्नुहुन्छ र हामीलाई शुद्ध पार्नुहुन्छ (१ यूहन्ना १:९)।

**छ)** *'... र तिनीहरूको पाप म फेरि कहिल्यै सम्झनेछैनँ'* (यर्मिया ३१:३४)।

**ज)** *'सङ्कष्टको दिनमा मलाई पुकार ! र म तिमीलाई छुटकारा दिनेछु'* (भजन ५०:१५)।

परमेश्‍वरका प्रतिज्ञाहरू बहुमूल्य र अत्यन्तै ठूला छन् भनेर पत्रुसले भनेकोमा हामीले अचम्म मान्नुहुँदैन; किनभने ती प्रतिज्ञाहरूले ख्रीष्ट-विश्‍वासीहरूलाई यस संसारमा किसिम-किसिमका अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्कन सक्षम तुल्याउँछन्। हामीले परीक्षामा स्थिर रहनुपर्छ; किनभने परमेश्‍वरले हामीलाई परीक्षासँग सामना गर्नलाई सबै कुरा दिन्छु भन्ने प्रतिज्ञा गर्नुभएको छ। जब किसिम-किसिमका अभिलाषाहरू हाम्रो मनदेखि उठ्न खोज्छन्, तब हामीले परमेश्‍वरका प्रतिज्ञाहरू दाबी गर्न

सक्छौं। यी प्रतिज्ञाहरूले हामीलाई संसारको भ्रष्टाचारदेखि उम्कने शक्ति दिन्छन्, जस्तै कामवासनासम्बन्धी पापहरू, मदमत्त र मदालसीपन, अनि संसारको अश्लीलता र फोहरीपन, साथै त्यसको आपद्‌विपद्, त्यसको धोकाबाजी र छल, अनि त्यसका रगड़ाझगड़ाहरू आदि।

अनुकूल कुरा के हो भने, यी प्रतिज्ञाहरूद्वारा हामी ईश्वरीय स्वभावमा भागीदार बन्नेछौं। सर्वप्रथम, प्रभु येशूकहाँ फर्केको बेलामा ईश्वरीय स्वभाव हामीलाई दिइयो; त्यसपछि परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएका कुराहरू हामीले व्यवहारिक जीवनमा उतार्नुपरेको छ; तब हामी यसबाट आनन्द उठाउनेछौं र उहाँको रूप जस्तैको त्यस्तै बन्नेछौं। हामी तपाईंलाई यसको एउटा उदाहरण दिऔं? २ कोरिन्थी ३:१८ पदमा उहाँले प्रतिज्ञा गर्नुभयो, कि हामी उहाँको विषयमा जति बढ़ी विचार गर्छौं, त्यति नै बढ़ी हाम्रो जीवन बद्‌लिँदै जान्छ र हामी उहाँजस्तै हुनेछौं। अनि परमेश्वरको वचन पढ़ेर त्यसमा प्रकट हुनुभएको ख्रीष्ट येशूको विषयमा मनन गरेर र उहाँको पछि लागेर हामी यो प्रतिज्ञा आफ्नो जीवनमा उतार्छौं। यस क्रमको सिलसिलामा पवित्र आत्माले हामीलाई उहाँको समानतामा परिवर्तन गर्नुहुन्छ, महिमाको एक तेजदेखि अर्को तेजसम्म।

**२ पत्रुस १:५:** तीन र चार पदले हामीलाई के भनेका छन् भने, परमेश्वरले हामीलाई ईश्वरीय जीवन जिउनलाई खाँचो परेका सबै कुराहरूको प्रबन्ध गर्नुभयो। यसकारण हामीले यस ईश्वरीय जीवनलाई विकास गर्दै लान पूरा मेहनत गर्नुपर्छ। हाम्रो इच्छाविना परमेश्वरले हामीलाई पवित्र पार्नुहुन्न, न ता हाम्रो सहभागिताविना उहाँले हामीलाई पवित्र तुल्याउनुहुन्छ। हामीमा इच्छा हुनुपर्छ; हामीमा दृढ़ संकल्प हुनुपर्छ; हामीमा अनुशासन हुनुपर्छ।

इसाई चरित्रको विकास गर्ने सम्बन्धमा पत्रुसले यी पाठकहरूमा विश्वास छ भन्ने अनुमान गरेका छन्; किनभने तिनले अविश्वासीहरूलाई होइन, तर ख्रीष्ट-विश्वासीहरूलाई यो पत्र लेख्छन्। अघि कुनै समयमा यिनीहरूले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाएका थिए। मुक्ति पाएको समयमा यिनीहरूले आफ्नो विश्वास काममा लगाएका थिए। यसकारण

तिनले यिनीहरूलाई ‘यो विश्वास जुटाओ’ भन्ने आदेश दिँदैनन्। अघिबाट यिनीहरूसँग यो अनिवार्य विश्वास भएको अनुमान गरिन्छ।

अब आवश्यक छ, कि यिनीहरूले यस विश्वासमा जीवनको पवित्रता बढ़ाउने सातवटा तत्त्वहरू थप्नुपर्छ। यिनीहरूले एकदेखि अर्को गर्दै यी तत्त्वहरू थप्नुहुँदैन, तर सब समयमा आफ्नो जीवनबाट यी जम्मै सद्गुण-हरू प्रकट गर्नुपर्छ।

यस विषयमा श्री टोम ओल्सनका बुबाले पत्रुसको दोस्रो पत्रको यो खण्ड आफ्ना छोराहरूलाई यस प्रकारले पढ़ेर सुनाउँथेः

> ‘अनि यही कारणले पनि तिमीहरूले सारा यत्न गरेर आफ्नो विश्वासमाथि दाऊदको जस्तो साहसरूपी सद्गुण, दाऊदको जस्तो साहसरूपी सद्गुणमाथि सुलेमानको जस्तो ज्ञान, अनि सुलेमानको जस्तो ज्ञानमाथि संयम, संयममाथि अय्यूबको जस्तो धीरज, अय्यूबको जस्तो धीरजमाथि दानियलको जस्तो भक्ति अनि दानियलको जस्तो भक्तिमाथि योनातानको जस्तो भ्रातृ-प्रेम, र योनातानको जस्तो भ्रातृ-प्रेममाथि यूहन्नाको जस्तो प्रेम थप!’ 2)

अनि यस सम्बन्धमा श्री आर. सी. एच. लेन्स्कीले यस प्रकारको सुझाउ दिएका छन्ः

> ‘झूटा भविष्यवक्ताहरूको सन्दर्भमा यी सातवटा सद्गुणहरूको सूचि तयार गरिएको थियो (२ पत्रुस २ः१); अनि यस सूचिले तिनीहरूको जीवनलाई ताकेको थियो; किनकि तिनीहरूले विश्वासको जीवन जिउने बहाना गरेका थिए। सद्गुणको सट्टामा तिनीहरूले आफ्नो त्यस नक्कल गरेको विश्वासमाथि शर्म थपे। ज्ञानको बदलीमा तिनीहरूले अन्धविश्वास थपे। अनि संयमको सट्टामा तिनीहरूले व्यभिचार गर्ने स्वतन्त्रता थपे। अनि धीरजसाथ भलाइको पछि लाग्नु-पर्नेको बदलीमा तिनीहरू धीरतासाथ खराबको पछि लागे। तिनी-हरूसँग भक्तिको सट्टामा भक्तिहीनता, भ्रातृप्रेमको सट्टामा परमेश्वरका छोराछोरीहरूका निम्ति घृणा, साँचो प्रेमको सट्टामा प्रेमको घोर अभाव पो थियो।’ 3)

खीष्ट-विश्वासीहरूले विश्वासमाथि थप्नुपर्ने पहिलो गुण सद्‌गुण हो । सद्‌गुणको परिभाषा हामी कसरी गरौं ? यसलाई निष्ठा भनौं, यसलाई सज्जनता, अथवा नैतिक सर्वश्रेष्ठता भनौं । पछि पाँचौं गुण 'भक्ति' भन्ने शब्दअन्तर्गत उस्तै कुरा लेखिन्छ । तर सद्‌गुणको अर्थ आत्मिक वीरता र पुरुषार्थ पनि हुन सक्छ, जुन वीरता र पुरुषार्थले वैरी, विरोधी संसारलाई सामना गर्न सक्छ र जुनचाहिँ दक्षिणपक्षमा उभेर खड़ा रहन सक्छ ।

यस सम्बन्धमा हामी कति शहीदहरूको वीरता सम्झन्छौं । यहाँ हामी आर्चबिशप क्रान्मेरको कुरा गरौं ! (इस्वी संवत् १४८९-१५५६) । उनलाई मत-त्याग गर्ने कागजमा सही गर्ने करमा पारियो, नभए उनलाई खाँबामा बाँधेर अग्निदण्ड दिइनेथियो । शुरुमा उनले यसो गर्न इन्कार गरे । तर जब उनलाई पूरा चेपारोमा पर्‍यो, तब उनले मतत्याग-पत्रमा सही गरे । तर पछि उनले आफ्नो ठूलो गल्ती मानिलिएर पूरा पछुताए । तब उनलाई अग्निदण्ड दिने फैसला भयो । उनले आफ्ना जल्लादहरूलाई आगो बाल्ने आग्रह गरे । अनि उनको विन्तीअनुसार उनका हातहरू खाँबामा बाँधिएनन् । त्यसपछि उनले आफ्नो दाहिने हात आगोमा हालेर यसो भनेः 'मतत्याग-पत्रमा सही गर्ने हात यही हो; यसकारण त्यसले पहिले सजाय पाउनुपर्छ । गल्ती गर्ने हात यही हो; यसकारण ए अयोग्य हात, तँ नष्ट होस् !' 4)

यस पुरुषार्थमाथि ज्ञान, खास गरी आत्मिक तथ्यहरूको ज्ञान थप्नुपर्छ । यसको निम्ति परमेश्वरको वचन अध्ययन गर्नुपर्छ र त्यसका पवित्र आज्ञा र नियमहरू पालन गर्नुपर्छ । यस महत्त्वमा हामी कति जोड़ दिऔं !

*परमेश्वरको वचनमा प्रभु येशूको विषयमा म अझै सिक्न र बुझ्न पाऊँ !*
*मेरो प्रभुसित मीठो सङ्गति गर्न पाऊँ !*
*वचनको एक-एक पदमा म उहाँको वाणी सुन्न पाऊँ !*
*उहाँको विश्वासयोग्य एक-एक वचन म आफ्नो तुल्याउन सकूँ !*

*एलिसा ई. हेविट*

पवित्र बाइबलको ज्ञान व्यवहारिक ज्ञान हुनुपर्छ; तब श्री चार्लस आर. एर्डम्यानले भनेझैं 'इसाई-धर्मका एक-एक बुँदामा हाम्रो व्यवहारिक सीप र दक्षताको विकास हुँदछ।'

**२ पत्रुस १:६:** परमेश्वरले हरेक ख्रीष्ट-विश्वासीलाई अनुशासित जीवन जिउने बोलावट दिनुभएको छ। अनुशासित जीवन के हो ? यसको परिभाषा एकजनाले यसो गरेका छन्ः 'अनुशासित जीवनमा मानिसको सारा इच्छा-शक्ति परमेश्वरको आत्माको नियन्त्रणमा रहेको छ।' हामीमा प्रार्थना गर्ने अनुशासन हुनुपर्छ, बाइबल पढ्ने र अध्ययन गर्ने अनुशासन हुनुपर्छ; हामीमा समय सदुपयोग गर्ने अनुशासन हुनुपर्छ; शरीरका अभिलाषाहरू वशमा राख्ने अनुशासन हुनुपर्छ; हामीमा त्यागपूर्ण जीवनको अनुशासन हुनुपर्छ।

यस प्रकारको आत्मसंयम प्रेरित पावलले आफ्नो जीवनमा अभ्यास गरे, जसको विषयमा तिनले यसो भनेः *'यसकारण म पनि यसरी नै दगुर्छु – विनाटुङ्गो होइन; म पनि यसरी नै लड्छु – हावालाई मुक्काले हान्ने मानिसजस्तो होइन; तर म आफ्नो शरीरलाई मुक्का लाउँछु र वशमा ल्याउँछु, नत्र त अरूलाई प्रचार गरेर कतै म आफूचाहिँ बेकम्मा ठहरिन्छु कि'* (१ कोरिन्थी ९:२६-२७)।

महान् प्रकृति-वैज्ञानिक श्री जोह्न जेम्स ओडुबों (इस्वी संवत् १७८५-१८५१) पक्षी-जगत्को विषयमा आफ्नो ज्ञान बढ़ाउनलाई लामो समयसम्म असुविधायुक्त परिस्थितिहरू झेल्न तयार भए। उनको विषयमा श्री रोबर्ट जी. लीले यसो भन्ने गवाही दिएका छन्ः

> 'उनले आफ्नो कामको सफलताका निम्ति आफ्नो शरीरका सुविधाहरू खुशीसित त्यागेर दिइहाल्थे। एउटा चराको विषयमा बढ़ी ज्ञान प्राप्त गर्न उनी अँध्यारोमा वा कुहिरोमा घण्टौंसम्म नचलीकन ढुकिबस्थे, र त्यो थप जानकारी प्राप्त गर्न उनलाई हप्ताहरू लागेर पनि उनले त्यो कुरा एउटा ठूलो सफलता सम्झन्थे। कुनै समयमा कामको सिलसिलामा उनी तलाउको निश्चल पानीमा उनको गलासम्म पानी पुग्ने गरी र सास थुन्ने गरी उभिनुपर्थ्यो, जब कति काला विषालु पानी-साँपहरू

उनको सामुबाट भएर गए, र उनको त्यस मौन कुराइ भएको बेलामा ठूला-ठूला गोहीहरू त्यहाँबाट आउ-जाउ गरे।

उज्ज्वल अनुहार लिएर उनले यस अनुभवको विषयमा यसो भनेः "त्यो अनुभव आनन्ददायक कहाँ थियो र!? तर यसको के पर्बाह? जसरी भए पनि मैले त्यस चराको नक्सा लिनैपरेको थियो, र म त्यसको नक्सा खिच्न सफल भएँ-भएँ।" विचार गर्नुहोस्! एउटा जाबो चराको नक्साको निम्ति उनले यति ठूलो कष्ट उठाउँथे।' [5)]

हाम्रो लागि आत्मसंयमी जीवन जिउनु किन जरुरत पर्छ? किनभने यसरी हामी अरू मानिसहरूका निम्ति असल नमुना र उदाहरण बन्नेछौं। अनि संयमी जीवनको अरू के काम? आत्मसंयमी जीवनचाहिँ नाश हुन लागेको संसारका अत्यावश्यकताहरूको माग हो; अनि हामी आत्मसंयमी छैनौं भने हामी आफ्नो जीवन खतरामा राख्छौं र हाम्रो गवाही बिग्रिने डर हुन्छ। आत्मसंयमको सर्वोच्च कारण यही होः हामीले आफ्नो जीवन अनुशासनमा राख्नुपर्छ; किनकि प्रभु येशूले हाम्रो जीवनको सर्वोत्तम भाग पाउनुपर्छ।

अनि आत्मसंयममाथि धीरज थप्नुपर्छ, नत्र संयमको काम अधूरो रहन्छ। धीरज भन्नाले सतावट र विरोधको सामना गर्नुपरेको परिस्थितिमा धैर्यवान् र सहनशील हुनु हो। हामीले दिन प्रतिदिन याद गर्नुपर्छः ख्रीष्टीय जीवन चुनौतीले पूर्ण जीवन, सधैं सहनशीलता धारण गर्नुपर्ने जीवन हो। ख्रीष्टीय जीवन हाइँफाइँमा शुरु गरेर मात्र पुग्दैन, तर जीवनमाथि समस्या र आपद्विपद्हरू आइपर्दा हामी स्थिर र धीर हुनुपर्छ। इसाई-धर्मको अनुभव निरन्तर सुखैसुखले पूर्ण हाईहाईको अनुभव मात्र होइन; यो वास्तविकतादेखि बाहिरको कुरा हो। तर त्यसमा नित्यकर्म हुन्छ, त्यसमा दासकर्महरू हुन्छन्। त्यसका निराश पार्ने परिस्थितिहरू, त्यसका तिक्त अनुभवहरू र विफल योजनाहरू हुन्छन्-हुन्छन्। धीरज निराश नभईकन आफ्नो विरोधमा आइरहेका सबै स्तिथि-परिस्थितिहरू सहन सक्ने निपुणता र बतासिनुको सट्टामा उत्साहित भएर हुरीबतासको विपरीत अघि बढ्न सक्ने क्षमता हो।

अर्को सद्गुण भक्ति हो। व्यवहारिक पवित्रतासहितको चाल देखाउनलाई हाम्रो जीवन हर हिसाबले परमेश्वरको जस्तो हुनुपर्छ। हाम्रो चालमा अलौकिक गुण यहाँसम्म झल्किनुपर्छ, कि अरू मानिसहरूले हामीमा परमेश्वरका छोराछोरीहरूलाई देख्न सकून्, र हामीलाई परमेश्वर पिताका सन्तानको रूपमा चिन्न सकून्। ईश्वरीय परिवार र परमेश्वरको घरानासित हाम्रो समानता के हो? हामी उहाँको परिवारका हौं भन्ने कुरा सुस्पष्ट हुनुपर्छ, छर्लङ्ग देखा पर्नुपर्छ। प्रेरित पावलले हामीलाई याद दिलाएर यसो भनेका छन्: *'शरीरको साधनाबाट थोरै लाभ हुन्छ, तर भक्तिचाहिँ सबै कुराको निम्ति लाभदायक हुन्छ; किनकि यसैमा अहिलेको जीवन र पछि आउने जीवनको प्रतिज्ञा छ'* (१ तिमोथी ४:८)।

**२ पत्रुस १:७:** भाइ-भाइको बीचको प्रेमले संसारको सामु हामीलाई ख्रीष्ट येशूका चेलाहरूको रूपमा पेश गर्छ र चिनाउँछ। *'आपसमा तिमीहरूको प्रेम छ भने यसैबाट सबैले तिमीहरू मेरा चेला रहेछौ भनी थाहा पाउनेछन्'* (यूहन्ना १३:३५)।

अनि भ्रातृ-प्रेमले सबै मानिसहरूप्रति प्रेम गर्ने बाटो खोल्छ। प्रेम गर्नु आवेगको भावना होइन, तर त्यो हाम्रो प्रेम गर्ने इच्छामा भर पर्छ। प्रेम भावुकताको उल्लासको फल होइन, तर पालन गर्नुपर्ने परमेश्वरको एउटा आज्ञा हो। नयाँ नियमको अर्थमा प्रेम अलौकिक कुरा हो। ख्रीष्ट येशूमाथि विश्वास नगर्ने मानिसले पवित्र बाइबलको यो आज्ञा पालन गरेर प्रेम गर्नै सक्दैन; किनभने त्यससँग आत्मिक जीवन, ईश्वरीय जीवन हुँदैन। किनकि आफ्ना शत्रुहरूलाई प्रेम गर्नलाई ईश्वरीय शक्ति चाहिन्छ। आफ्ना मृत्युदण्ड दिनेहरूका निम्ति प्रार्थना गर्ने मानिसमा ईश्वरीय जीवन हुनुपर्छ। अनि प्रेमचाहिँ आफ्नो केही थोक दिएरै आफूलाई प्रकट गर्छ। तपाईंलाई यसको एउटा उदाहरण दिऔंः परमेश्वरले यस संसारलाई प्रेम गर्नुभयो र आफ्ना एकमात्र पुत्र दिनुभयो (यूहन्ना ३:१६)। अनि ख्रीष्ट येशूले मण्डलीलाई प्रेम गर्नुभयो र त्यसका निम्ति आफूलाई अर्पण गर्नुभयो (एफेसी ५:२५)। हामी आफ्नो प्रेम कसरी प्रकट गरौं? अरू

मानिसहरूलाई हाम्रो समय दिएर, हाम्रा सीप र क्षमताहरू दिएर, हाम्रो धनसम्पत्ति दिएर र हाम्रो जीवन दिएर हामीले उनीहरूलाई आफ्नो प्रेम देखाउन सक्छौं।

श्री टी. ई. म्याक-कुल्ली एडको बुबा थिए, जुन एडचाहिँ ती पाँचजना जवान मिशनरीहरूमध्ये एक थिए, जसलाई इक्वडोरको आउका जातिका मानिसहरूले मारिदिए। एक रातमा टी. ई. म्याक-कुल्ली र म, हामीले घुँड़ा टेकेर सँगै प्रार्थना गरेका थियौं, जब यिनले यसो प्रार्थना गरेः 'हे प्रभु, त्यस दिनसम्म मलाई जीवित राख्नुहोस्, जुन दिनमा हाम्रा यी छोराहरूलाई मार्ने हत्याराहरूले मुक्ति पाएको म देख्न सकूँ। तब म उनीहरूलाई अँगालोमा हालेर यसो भन्नेछुः "म तिमीहरूलाई प्रेम गर्छु; किनकि तिमीहरूले मेरा ख्रीष्ट प्रभुलाई प्रेम गर्दछौं।" ' आफ्नो छोरालाई मार्ने यी हत्याराको दोष लाग्ने अपराधीहरूका निम्ति यस प्रकारले प्रार्थना गर्न सक्नुचाहिँ इसाई प्रेमको सक्षत् क्षमता हो।

यी सातवटा सद्गुणहरूको घेराभित्र इसाई चरित्र पूर्ण हुन्छ।

**२ पत्रुस १:८:** चेलापनको पथमा एकै ठाउँमा अड़िन सकिँदैन; हामी कि त अघि बढ्नुपर्छ, कि त पछाड़ि पर्नेछौं। अघि बढ्नु हाम्रो बल हो र अघि बढ्नुमा हाम्रो सुरक्षा हुन्छ। पछि हट्नु खतरा हो, पछि हट्नुमा हाम्रो असफलता पो हुन्छ।

इसाई चरित्र विकास गर्नुमा हामी अघि बढ्नैपर्छ। नभई बाँझोपन, निष्फलता, अन्धोपन, निकट-दृष्टि र बिर्सने बानी हाम्रो असफलताको फल हुनेछ।

***बाँझोपनः*** परमेश्वरको सङ्गतिमा बिताएको जीवन मात्र प्रभावकारी र कार्यकारी हुन्छ। पवित्र आत्माको अगुवाइमा चल्ने मानिसको जीवनमा मात्र निष्फल र व्यर्थ कामकुराहरू शेष पारिन्छन्। अनि पवित्र आत्माको अगुवाइमा चलेर मानिसको जीवन सफलताको चरमसीमामा आइपुग्छ। नत्रता हामी छायासित मुक्का हान्ने र धागोविना लुगा सिलाउनेहरू हुन्छौं।

***निष्फलताः*** आफूसँग प्रभु येशू ख्रीष्टको सीमित ज्ञान भएको हुनाले आफू निष्फल हुनु सम्भव छ; किनभने हामीले जानेको कुरा व्यवहारमा

उतार्दैनौं। यस प्रकारको जीवनमा बाँझोपन आउनु अनिवार्य हो। यसको उदाहरण दिँदा मृत-सागरको कुरा आयो। मृत-सागरको मरेको अवस्था केमा भर पर्छ? त्यसभित्र बगिरहने पानीको अन्तर्वाह त हुन्छ, तर त्यसको पानी बाहिर बग्ने ठावैं हुँदैन। आत्मिक जीवनमा कुरा पनि यस्तै छः आशिषको प्रवाह बाहिर अलिकति नजाने गरी हामीभित्र बग्छ र हामीभित्र सीमित रहन्छ भने हामी अवश्य बाँझो हुनेछौं।

**२ पत्रुस १:९:** ***निकट-दृष्टिः*** हाम्रो धेर-थोरै धमिलो दृष्टिले विभिन्न रूपहरू लिन सक्छ। यसकारण किसिम-किसिमको अन्धोपन हुन्छ। यहाँ निकट-दृष्टिको कुरा गरिएको छ, जुन निकट-दृष्टि एक प्रकारको अन्धोपन हो। निकट-दृष्टिको रोग लागेको मानिसले वर्तमानका कुरा-हरूमाथि मात्र ध्यान दिन्छ, र भविष्यका निम्ति जिउँदैन। भौतिक कुराहरूले उसको पूरा ध्यान लिन्छन्, यसैले उसले आत्मिक कुराहरू बेवास्ता गर्छ।

***अन्धोपनः*** २ पत्रुस १:५-७ पदको खण्डमा सूचित गरिएका सातवटा सद्‌गुणहरू नभएको मानिस पूरा अन्धा हुन्छ। त्यस मानिसले आफ्नो जीवनको महत्त्व बुझेको हुँदैन। आत्मिक महत्त्व भएका वास्तविक कुराहरू के-के हुन्, सो त्यसले खुट्ट्याउनै सक्दैन, त्यससँग त्यसको विवेक हुँदैन। यसकारण त्यो मानिस अन्धकारताले पूर्ण छायाहरूको देशमा जिउनुपरेको छ।

***बिर्सने बानीः*** अन्तमा, यी सातवटा सद्‌गुणहरू नभएको मानिसले पहिलेका पापहरूबाट शुद्ध पारिएको कुरा पनि बिर्सन्छ। त्यस मानिस-माथि मुक्ति पाएको तथ्यको प्रभाव कम हुँदै गएको छ। जुन अवस्थादेखि त्यो व्यक्ति बचाइयो, त्यस अवस्थातिर त्यो फर्किजान्छ। परमेश्वरको पुत्रको मृत्यु ल्याउने पापहरूसित त्यसले खेलबाड़ गरिरहेको छ।

**२ पत्रुस १:१०:** यसकारण पत्रुसले आफ्ना पाठकहरूलाई उनीहरूको बोलावट र चुनाव परिपक्व गर्ने आग्रह गर्छन्। परमेश्वरको मुक्तिको योजनामा यी दुईवटा पक्षहरू हुन्छन्। चुनावको कुराले परमेश्वरको सर्वाधिकारलाई सङ्केत गर्छ, जुन सर्वाधिकारअनुसार उहाँले अनादि-

कालमा कुनै व्यक्ति विशेषहरूलाई आफ्ना निम्ति छान्नुभयो। अनि बोलावटको कुराले उहाँको त्यस कार्यलाई सङ्केत गर्छ, जुन कार्यद्वारा कालक्रममा उहाँको चुनाव सुसष्ट भएको हुन्छ। हाम्रो चुनाव संसारको उत्पत्ति हुनुभन्दा अघि भएको थियो भने हाम्रो बोलावटचाहिँ हामीले मुक्ति पाएको बेलामा भएको हो । समयको हिसाबले पहिले परमेश्वरको चुनाव, त्यसपछि हाम्रो बोलावट आउँछ । तर हाम्रो अनुभवमा हामी पहिले उहाँको बोलावट सुन्छौं, त्यसपछि हामी अनादि-कालदेखि ख्रीष्ट येशूमा चुनिएको कुरा बुझ्छौं ।

हाम्रो चुनाव र बोलावट अझै सुनिश्चित गर्नु असम्भव छ; किनभने यी दुवै कुराहरू सुनिश्चित छन्। किनकि परमेश्वरका अनन्त योजनाहरू कहिल्यै विफल हुँदैनन्। तर सुनिश्चित भएका कुराहरू हामी परिपक्व पार्न सक्छौं। कसरी? प्रभुको समानतामा बढ्दै गएको जीवन जिएर। आत्माको फल प्रकट गर्दै हामी पक्का, अचूक प्रमाण दिन्छौंः निश्चय हामी उहाँका हौं । एउटा पवित्र जीवनले हाम्रो मुक्तिको अनुभव वास्तविक भएको प्रमाण दिन्छ।

पवित्र जीवन जिएर हामी ठेस खानदेखि जोगिन्छौं । ठेस खाएर लड्ने कुराले हाम्रो अनन्त विनाशलाई सङ्केत गर्दैन। किनभने ख्रीष्ट येशूको त्राणको कामले हामीलाई अनन्त विनाशबाट बचाइसकेको छ। तर हामी पापमा गिर्न, शर्ममा पर्न र बेकम्मा हुन सक्छौं। आत्मिक सम्बन्धमा हामीले कुनै प्रगति गरेनौं भने हामीले आफ्नो जीवन बर्बाद पार्ने खतरा छ। तर हामी आत्माको भरमा हिँड्यौं भने प्रभुको सेवाका निम्ति अयोग्य ठहरिनदेखि उम्कन्छौं। जुन ख्रीष्ट-विश्वासी परमेश्वरको निम्ति अघि बढ्छ, त्यस ख्रीष्ट-विश्वासीलाई परमेश्वर रक्षा गर्नुहुन्छ। तब खास खतरा केमा छ? आत्मिक अन्धोपनमा र आत्मिक आलस्यपनमा खतरा छ।

**२ पत्रुस १ः११ः** लगातार आत्मिक प्रगति गर्ने विश्वासी सुरक्षित रहन्छ; यति मात्र होइन, तर यस्तोलाई हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र प्रशस्त मात्रामा प्रवेश पाउने प्रतिज्ञा पनि गरिएको छ। पत्रुसले यहाँ त्यस राज्यभित्र हाम्रो प्रवेश हुन्छ भन्ने तथ्यमाथि होइन, तर हाम्रो प्रवेश कस्तो प्रकारको हुन्छ भन्ने कुरामा जोड़ गर्न चाहेका छन्।

किनभने स्वर्गको राज्यभित्र जान पाउने प्रवेशको एकमात्र आधार प्रभु येशू ख्रीष्टमाथि राखिएको विश्वास हो। तर कतिजना विश्वासीहरू छन्, जसको प्रवेश अरूको भन्दा भव्य प्रवेश हुनेछ। किनभने इनामहरूमा दर्जाहरू छन्। अनि यहाँ बताइएअनुसार हाम्रा इनामहरू हाम्रो रूप केमा र कहाँसम्म मुक्तिदाता प्रभुको समानतामा आयो, यस कुरामा निर्भर गर्नेछन्।

**२ पत्रुस १:१२:** प्रेरित पत्रुसले यस विषयवस्तुको अर्थ वर्तमान समय र अनन्तकालका निम्ति कहाँसम्म जान्छ, सो कुरामाथि मध्यनजर राख्छन्। यसकारण तिनले ख्रीष्ट-विश्वासीहरूलाई इसाई चरित्र विकास गर्नुमा कति ठूलो महत्त्व हुन्छ, सो कुराको सम्झना दिलाइरहने अठोट गरेका छन्। यो कुरा उनीहरूलाई थाहा होला; ता पनि यसको विषयमा भनिरहनु र सम्झाइबस्नु उनीहरूलाई खाँचो थियो। अनि हामीलाई पनि सम्झाइ-बस्नुपर्छ। हामी वर्तमान सत्यतामा जति स्थिर भए पनि अरू कुराहरूमा व्यस्त भएको क्षणमा वा यो कुरा बिर्सिएको घड़िमा पर्ने खतरा सधैं जारी रहन्छ। यसकारण हामीले जानेको सत्यता बारम्बार दोहोर्‍याइरहनुपर्छ।

**२ पत्रुस १:१३:** पाठकहरूलाई सम्झाइदिनु पत्रुसको अभिप्राय थियो। तर जबसम्म तिनी बाँच्थे, तबसम्म उनीहरूलाई घरिघरि सम्झना गराइदिने र उनीहरूलाई उत्तेजित पार्ने तिनको कर्तव्य पनि थियो। किनभने तिनको जीवनको अन्त हुन लागेको थियो। तिनको निम्ति उनीहरूलाई आत्मिक निद्रा लाग्नदेखि बचाउने उपयोग्य समय यही थियो।

**२ पत्रुस १:१४:** प्रभु येशूले पत्रुसलाई तिनको मृत्युको पूर्वजानकारी दिनुभयो; अनि तिनले कस्तो प्रकारको मृत्युमा परेर मर्नुपर्छ, सो कुरा अघिबाट तिनलाई बताइसक्नुभएको थियो (यूहन्ना २१:१८-१९)। त्यस समयदेखि पत्रुसको जीवनमा धेरै वर्षहरू बिते। अनि वृद्ध भएका प्रेरितलाई थाहा लाग्यो, प्रकृतिको नियमअनुसार तिनको मृत्युको घड़ि आइरहेको थियो। यसकारण पूर्वजानकारीले तिनमा आफ्नो जीवनको बाँकी समयमा झन् बढ़ी परमेश्वरका जनहरूको कल्याण खोज्ने र उनीहरूको वास्ता गर्ने संकल्प सुदृढ़ पार्‍यो।

तिनले आफ्नो मृत्युको विषयमा कुरा गर्दा पृथ्वीमाथि आफ्नो डेरा उठाउने वा आफ्नो शरीररूपी तम्बू उठाउने शब्द चलाएका छन्। एउटा तम्बू वा पालचाहिँ यात्रीहरूको अस्थायी वासस्थान हो। ठीक त्यस प्रकारले हाम्रो शरीर पनि यस पृथ्वीमाथि हाम्रो यात्री जीवनको अस्थायी डेरा हो। अनि हाम्रो मृत्यु हुँदा यो डेरा उठाइन्छ। ख्रीष्ट-विश्वासीहरूको आकाश उठाइने क्षणमा नै मरेका विश्वासीहरूको शरीर बौरिउठ्नेछ र त्यसको रूप परिवर्तन हुनेछ। हाम्रो शरीरको अनन्त महिमित स्थायी रूपचाहिँ भवन वा घर भनिन्छ (२ कोरिन्थी ५:१)।

यो एक तर्कको कुरा होः पत्रुसको नजिकमा हुने तिनको मृत्युको कुराले आफ्ना पवित्र जनहरूलाई उठाइलैजाने प्रभु येशूको चाड़ै हुने उहाँको दोस्रो आगमनको तथ्य काट्दैन र नकार्दैन। प्रभु येशूको साँचो मण्डलीले सधैं उहाँको आगमनको बाटो हेरिरहेको छ, जसको आगमन जुनसुकै घड़िमा हुन सक्छ। अनि याद रहोस्ः पत्रुसले प्रभुको आगमनमा आफू जीवित नरहेको कुरा एउटा विशेष दिव्य प्रकाशद्वारा मात्र थाहा गरे।

**२ पत्रुस १:१५ः** ख्रीष्ट-विश्वासीहरूका निम्ति आफ्नो आत्मिक प्रगतिमा कति ठूलो महत्त्व हुन्छ, सो कुरा प्रेरित पत्रुसले उनीहरूलाई व्यक्तिगत रूपले सम्झाइसके। तर अब तिनले पवित्र जनहरूको हातमा एउटा लिखित स्थायी सम्झना-पत्र छोड्ने प्रबन्ध गरे। तिनका पत्रहरू लिएर ख्रीष्ट-विश्वासीहरूले जुनै समयमा पनि आफ्नो सम्झना जारी राख्न सक्छन्। फलस्वरूप पत्रुसका यी पत्रहरूले दुई हजार वर्षसम्म विश्वासी नर-नारीहरूको पथमा प्रकाश छर्दै आइरहेका छन्, र हाम्रा मुक्तिदाता प्रभुको आगमनसम्म यसो गरि नै रहनेछन्। अनि अर्को कुराः भरपर्दो पुरानो परम्पराअनुसार मर्कूसले लेखेको सुसमाचारचाहिँ खास गरी प्रत्यक्ष-साक्षी पत्रुसको संस्मरणरूपी विवरण रहेछ; किनकि प्रेरित पत्रुस मर्कूसको आत्मिक अगुवा थिए।

यसबाट लेख्ने सेवकाइ कति महत्त्वपूर्ण रहेछ, सो सुस्पष्ट भयो। लेखेका वचनहरू लामो समयसम्म टिकेर स्थायी हुन्छन्। आफ्ना लेख-हरूद्वारा मानिसको सेवकाइ उसको लास चिहानमा पड़िरहेर पनि जारी रहिरहन्छ।

पत्रुसले यहाँ मृत्युको निम्ति प्रयोग गरेको शब्दको खास अर्थ प्रस्थान हो। यही शब्दले प्रभु येशूको मृत्युको बयान गरेको छ (लूका ९ःः३१)। मानिसको मृत्युचाहिँ अस्तित्वको अन्त होइन, तर एक ठाउँदेखि अर्को ठाउँमा गरिने प्रस्थान पो हो।

यी पदहरूमा हाम्रा निम्ति ठूलो महत्त्व छ; किनभने मर्न लागेका परमेश्‍वरको जनको निम्ति कुन महत्त्वपूर्ण कुरा रहेको छ, सो स्पष्ट देखा परेको छ। 'यी कुराहरू' भन्ने शब्द चार पल्ट पाइन्छ (२ पत्रुस १ः८, ९, १२ र १५ पदमा)। परलोकरूपी अनन्तकालको मुखमै आइपुगेको मानिसको दृष्टिमा ख्रीष्टीय विश्‍वासका महान् र आधारभूत तथ्यहरूको मूल्य ज्यादा किम्मती हुन जाँदा रहेछन्।

**२ पत्रुस १ः१६ः** यस अध्यायका बाँकी पदहरू ख्रीष्ट येशूको महिमित आगमनको सन्दर्भमा लेखिएका छन्, जुन महिमित आगमन सुनिश्‍चित हुन्छ। पत्रुसले यहाँ आफ्नो प्रसङ्ग उठाउँछन्ः प्रेरितहरूको गवाही सुनिश्‍चित छ। अनि भविष्यवक्ताहरूको वचन पनि सुनिश्‍चित छ। यसो भनेपछि पत्रुसले नयाँ नियम र पुरानो नियम आपसमा जोड़िदिएको जस्तो लाग्छ। तिनले आफ्ना पाठकहरूलाई के भन्छन् भने, उनीहरूले यस संयुक्त गवाहीमाथि भरोसा र निष्ठा राख्नुपर्छ।

पत्रुसको जोड़ यसैमा छः प्रेरितहरूको गवाही कुनै दन्त्यकथा होइन, तर तथ्यहरूमाथि आधारित बिलकुल सत्य विवरण हो। पाठकहरूलाई आफ्ना प्रभु येशू ख्रीष्टको प्रताप र आगमनको विषयमा जानकारी दिँदा प्रभुका प्रेरितहरूले चतुर्‍याइँसाथ कथिएका दन्त्यकथाहरू वा धूर्त मानिस-हरूका काल्पनिक कथाहरूको अनुसरण गरेनन्।

तिनले यहाँ एउटा विशेष घटना अर्थात् ख्रीष्ट येशूको रूप परिवर्तन भएको घटनाको सन्दर्भमा लेखेका छन्। प्रभु येशूको रूप परिवर्तनको विषयमा तीनजना प्रत्यक्षसाक्षी छन्ः पत्रुस, याकूब र यूहन्ना। तीनैजना प्रभुका प्रेरितहरू हुन्। यहाँ 'प्रताप र आगमन' भन्ने शब्दहरू अक्षरशः अनुवाद भनिन्छ[6)], जसको अर्थ 'प्रतापी आगमन' वा 'प्रतापले पूर्ण आगमन' हो। ख्रीष्ट येशूको रूप परिवर्तनचाहिँ उहाँको प्रतापी आगमनको

पूर्वदर्शन थियो। किनभने उहाँ यस प्रकारले सारा पृथ्वीमाथि राज्य गर्न आउनुहुनेछ। मत्तीको सुसमाचारको वृत्तान्तबाट यो स्पष्ट हुन्छ, जहाँ प्रभु येशूले भन्नुभयोः *'म तिमीहरूलाई साँचो भन्दछु, यहाँ उभिरहेकाहरूमध्ये कतिजना छन्, जसले मानिसका पुत्रलाई आफ्नो राज्यमा आइरहेका नदेखुन्जेल कुनै रीतिले मृत्युको स्वाद चाख्नेछैनन्'* (मत्ती १६ : २८)। अनि लगत्तै मत्ती १७ : १-८ पदको खण्डमा प्रभु येशूको रूप परिवर्तन भएको घटनाको बयान छ। त्यस पहाड़माथि पत्रुस, याकूब र यूहन्नाले महिमित प्रभु येशूलाई देखे; प्रभु येशूको हजार वर्षको राज्यमा उहाँको त्यही महिमा हुनेछ। यी तीनजना प्रेरितहरूले आफ्नो मृत्यु हुनुभन्दा पहिले मानिसका पुत्रको त्यही महिमा देखे, जुन महिमा उहाँको भावी राज्यमा उहाँको हुनेछ। यसरी नै प्रभु येशूले मत्ती १६ : २८ पदमा भन्नुभएको वचन मत्ती १७ : १-८ पदको खण्डमा पूरा भयो।

प्रेरितहरूले दिएको प्रभु येशूको रूप परिवर्तनको वर्णन अलिकति पनि दन्त्यकथाहरू आधारित थिएन (ग्रीकमा 'पौराणिक कथाहरू')। पत्रुसको जोड़ यसैमा छ। संयोगवश यही शब्द लिएर कति आधुनिक धर्म-विज्ञानीहरूले पवित्र बाइबललाई हमला गर्दा रहेछन्। तिनीहरूको विचारमा, पवित्र लेखोटहरू दन्त्यकथामुक्त गर्नुपर्छ। तीमध्ये श्री रुडोल्फ बुल्टमानले नयाँ नियममा पौराणिक कथारूपी तत्त्व भेट्टाएको भने। अनि एङ्गलिकन बिशप जोह्न ए. टी. रोबिन्सन एक उदारवादी थिए, जसले इसाईहरूलाई निम्न शब्दहरू भनेर बाइबलको धेरैजसो भाग दन्त्यकथाहरू हुन् भन्ने कुरा स्वीकार गर्ने आह्वान गरे, जसको राय हामी अलिकति पनि मान्दैनौं, तर उनको भूल-विचार एउटा नकारात्मक उदाहरणको रूपमा मात्र यहाँ पेश गर्छौंः

> 'बाइबलमा पौराणिक कथाहरू समावेश गरिएका छन्; यसकारण यी कथाहरू धार्मिक तथ्यको महत्त्वपूर्ण रूप हुन् भन्ने कुरा प्रमाणित गर्न विगत शताब्दीमा निक्कै ठूलो दुःख गरियो, तर यो प्रयास एक कदम अघि बढ़ेको छ। उत्पत्तिका वृत्तान्तहरू, मानिसको पतन आदि कथा-हरूको विषयमा शास्त्रसम्मत विश्वासीहरू छोड़ेर विस्तारै-विस्तारै सबै

इसाईहरूले मानिलिएका छन्, कि यी कथाहरू इतिहासका वृत्तान्तहरू होइनन्, तर पौराणिक कथाहरू हुन्, जुन कथाहरूद्वारा विश्व र मानिसको सम्बन्धमा गहन-गहन तथ्यहरू प्रस्तुत गरिएका छन्। इतिहास नभए पनि यी कथाहरूमा ठूलो मान्यता छ। तर इसाई सत्यताको समर्थन गर्ने कामको सिलसिलामा "यी कथाहरू ऐतिहासिक घटनाहरू होइनन्; यसैले बाइबलका वृत्तान्तहरूले मानव-विज्ञान र ब्रह्माण्ड-विज्ञानका स्पस्टीकरणहरूको विरोध गर्दैनन्" भन्ने निष्कर्ष आइपुग्नु र प्रमाणित गर्नु अनिवार्य थियो। अनि जस-जसले विज्ञानका स्पस्टीकरणहरू र बाइबलका वृत्तान्तहरूको बीचमा छुट्ट्याउन सक्दैनन्, तिनीहरूले श्री थोमस हक्सले र उनका साथीहरूको तर्क मद्दत पुऱ्याउँछन्।' [7)]

तर पत्रुसको विचारमा, प्रभु येशूको रूप परिवर्तनको वृत्तान्त कुनै पौराणिक कथा हुँदै होइन। तिनले यस प्रकारको गलत धारणा खण्डन गर्नका निम्ति तीनवटा प्रमाणहरू दिन्छन्ः आफ्ना आँखाले देखेको प्रमाण, आफ्नै कानले सुनेको प्रमाण र त्यहाँ आफू उपस्थित भएको प्रमाण।

आफ्ना आँखाले देखेको प्रमाण यस प्रकारको छः प्रेरितहरूले प्रभु येशूको प्रताप आफ्नै आँखाहरूले देखे। प्रेरित यूहन्नाले निम्न शब्दमा आफ्नो साक्षी दिएः *'हामीले उहाँको महिमा देख्दा उहाँमा पिताका एकमात्र पुत्रको महिमा देख्यौं'* (यूहन्ना १ः१४)।

**२ पत्रुस १ः१७ः** त्यसपछि आफ्नै कानले सुनेको प्रमाण आयो। यी प्रेरितहरूले परमेश्वरको वाणी सुने, जसले यसो भन्नुभयोः *'यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अत्यन्तै प्रसन्न छु।'* जब प्रभु येशूले परमेश्वर पिताबाट आदर र महिमा पाउनुभयो, तब 'प्रतापी महिमाबाट' यो वाणी आयो। त्यो प्रतापी महिमाचाहिँ त्यो उज्ज्वल, महिमित, चम्किलो बादल थियो, जसलाई पुरानो नियमको भाषामा 'सेकाइना' भनिन्थ्यो; त्यो तेजस्वी बादल परमेश्वरको उपस्थितिको प्रतीक थियो।

**२ पत्रुस १ः१८ः** पत्रुसले यहाँ याकूब, यूहन्ना र आफ्नो विषयमा कुरा गरिरहेका छन्, जसले प्रभुसँग यस पवित्र पहाड़मा हुँदा परमेश्वरको यो वाणी सुनेका थिए। तीनजना प्रत्यक्षसाक्षीहरूको गवाही यहाँ छ। अनि

मत्ती १८:१६ पदअनुसार यो गवाही आधिकारिक, प्रमाणिक र पर्याप्त मानिन्छ।

अन्तमा पत्रुसले आफ्नो तेस्रो प्रमाण प्रस्तुत गर्छन्ः त्यहाँ आफू उपस्थित भएको प्रमाण। *'हामी उहाँसँग त्यस पवित्र पहाड़माथि थियौं।'* यो तिनीहरूको जीवनमा घटेको वास्तविक घटना थियो; यसमा कुनै शङ्का छैन।

कुनचाहिँ पहाड़माथि प्रभु येशूको रूप परिवर्तन भएको थियो, सो हामी जान्दैनौं। हुन सक्छ, प्रभुको रूप परिवर्तन हुने पहाड़ यही हो भनेर ठोकुवा दिइन सकेको भए त्यो पहाड़ आजको दिनसम्म तीर्थ-मन्दिरहरूले पूरा भरिएको हुनेथियो।[8] त्यस पहाड़लाई 'पवित्र पहाड़' भनिएको छ; किनभने त्यो पहाड़ यस पवित्र घटनाको घटनास्थल भएको थियो। त्यस पहाड़मा अरू कुनै पवित्र गुण भएको थिएन।

**२ पत्रुस १:१९:** अनि हामीसँग भविष्यवाणीको अझै पक्का वचन छ। पुरानो नियमका भविष्यवक्ताहरूले ख्रीष्ट येशूको महिमित आगमनको विषयमा भविष्यवाणी गरेका थिए, कि उहाँ ठूलो शक्ति र महिमामा आउनुहुनेछ। अनि प्रभु येशूको रूप परिवर्तन भएको पहाड़माथि घटेका घटनाहरूले यी भविष्यवाणीहरू अझै सुदृढ़ पारे र अझै पक्का गरे। प्रेरितहरूले देखेको कुराले पुरानो नियमका भविष्यवाणीहरू पन्छाउन खोजेको होइन, न ता यी भविष्यवाणीहरू अझै पनि पक्का गर्न सक्छ, तर त्यस कुराले यी पूर्वजानकारीहरूलाई पुष्टि गर्छ। किनभने यस घटनाद्वारा यी प्रेरितहरूलाई अघिबाट ख्रीष्ट येशूको भावी राज्यको झलक दिइएको थियो।

श्री एफ. डब्ल्यू. ग्राण्टले २ पत्रुस १:१९ पदको बाँकी भाग यस प्रकारले अनुवाद गरेः 'जुन वचनमा दिनको उज्यालो नखसुन्जेल र बिहानको तारा नउदाउन्जेल तिमीहरूले अँध्यारो ठाउँमा चम्किने ज्योतिमा झैं ***आफ्ना हृदयहरूमा*** ध्यान दिएर असल गर्छौ।' यो अनुवाद हामीलाई किन लाभदायक लाग्यो भने उनले शब्दक्रम अलिक बदली गरेका छन्। उनले 'तिमीहरूका हृदयहरूमा' 'ध्यान दिनु'सँग जोड़ेका छन्। उनको

अनुवादअनुसार हामीले आफ्ना हृदयमा ध्यान दिएर असल गर्छौं। तर के.जे.वी., एन.के.जे.वी. र अरू धेरै अनुवादहरूले सठीक व्याख्या गर्नलाई एउटा समस्या सृजना गरेका छन्, जहाँ यसो लेखिएको छः *'जुन वचनमा दिनको उज्यालो नखसुन्जेल र **तिमीहरूका हृदयहरूमा** बिहानको तारा नउदाउन्जेल तिमीहरूले अँध्यारो ठाउँमा चम्किने ज्योतिमा झैं ध्यान दिएर असल गर्छौं।'*

भविष्यवाणीको वचन चम्किरहेको ज्योति हो। अनि हाम्रो संसार त्यो नरमाइलो, अँध्यारो ठाउँ हो। अनि दिनको उज्यालो खस्ने कुराले वर्तमान मण्डली-युगको अन्त सङ्केत गर्छ (रोमी १३:१२)। अनि बिहानको ताराको उदयले ख्रीष्ट येशूको आगमनको चित्रण गर्छ, जब उहाँ आफ्ना पवित्र जनहरूलाई लिन आउनुहुनेछ। यस पदको व्याख्या यस प्रकारको छः हामीले भविष्यवाणीको वचन आफ्नो सामु राखेर त्यसमाथि सदैव ध्यान दिनुपर्छ; अँ, भविष्यवाणीको वचन आफ्नो हृदयको ढुकुटीमा हामीले साँचेर राख्नुपर्छ; किनभने त्यसले यस अँध्यारो संसारमा हाम्रो निम्ति त्यस बेलासम्म ज्योतिको काम गर्छ, जुन बेलामा यो अनुग्रहको युग सिद्धिनेछ र ख्रीष्ट येशू उहाँको बाटो हेरिरहने आफ्ना जनहरूलाई स्वर्गको घरमा लैजान बादलहरूमा देखा पर्नुहुनेछ।

**२ पत्रुस १:२०ः** यस अध्यायको अन्तिम दुईवटा पदहरूमा पत्रुसको जोड़ यसैमा छः भविष्यवाणीरूपी पवित्र शास्त्रहरू मानिसहरूको रचना होइन, तर परमेश्वर नै भविष्यवाणी-शास्त्रको रचयिता हुनुहुन्छ। भविष्यवाणी-शास्त्र ईश्वरीय प्रेरणाको फल हो।

*'पवित्र शास्त्रको कुनै पनि भविष्यवाणी आफ्नो निजी व्याख्याबाट भएको होइन'* अर्थात् बाइबलको कुनै भविष्यवाणी भविष्यवक्ता विशेषको आफ्नो निजी रचना होइन। यस वाक्यका थरी-थरीका वाख्याहरू अनेक भए; यस पदका कति व्याख्याहरू अनौठा, हददेखि बाहिरका छन्, जस्तैः

पवित्र बाइबलको व्याख्या मण्डलीको एकमात्र पेवा हो; यसर्थ साधारण व्यक्तिहरूले बाइबल अध्ययन गर्नुहुँदैन अरे।

यहाँ हामी अरू व्याख्याको एक उदाहरण दिन्छौं, जसमा भनिएको कुरा सत्य, तर दिइएको अर्थ सठीक व्याख्या नहोला, जस्तैः बाइबलको कुनै पदको अर्थ एकलै अर्थात् त्यसको सन्दर्भ नहेरी लगाउनुहुँदैन, तर एक-एक पदको सन्दर्भ हेर्नुपर्छ र कुनै पदको अर्थ लगाउँदा पहिले त्यसलाई धर्मशास्त्रको बाँकी भागसित दाँज्नुपर्छ।

तर यहाँ, यस पदमा पत्रुसले वास्तवमा भविष्यवाणीको वचनको उद्‌गम, त्यसको आरम्भ वा उत्पत्तिको कुरा गरेका छन्। मानिसहरूले प्राप्त गरेका भविष्यवाणी कसरी व्याख्या गर्छन् – यो तिनको सन्दर्भ नै होइन। तिनले भन्न चाहेको तत्पार्य यो हो, कि जब भविष्यवक्ताहरूले आफ्ना वाणीहरू लेख्न लागे, तब तिनीहरूले आफ्नो लेखमा आफ्नो निजी दृष्टिकोण, आफ्नो निजी अर्थ, आफ्नो निजी विचारधारणा र आफ्नो निजी सम्पादन व्यक्त गरेनन्। यसकारण यस पदमा प्रयोग गरिएको व्याख्या[9)] भन्ने शब्दले त्यो अर्थ लगाउने कामलाई सङ्केत गर्दैन, जसरी हामीमध्ये कतिजनाले पवित्र बाइबलको सम्बन्धमा अर्थ खोल्ने काम गर्छन्। होइन, बरु यस शब्दको सन्दर्भले परमेश्वरको वचनको रचना कसरी भएको हो, हामीलाई त्यसको सुरुआतमा लगेको हो। यस विषयमा श्री डी. टी. योङ्गले यसो लेखेका छन्ः

‘यस पदको अर्थ ठीक प्रकारले बुझ्नुपर्छ; तब यस पदले “मानिसचाहिँ पवित्र धर्मशास्त्रको रचनाको मूल-स्रोत होइन” भनेर दाबी गरेको स्पष्ट बुझिन्छ। पवित्र धर्मशास्त्र बाइबल परमेश्वरको रचना हो, मानिसको होइन। पवित्र धर्मशास्त्रको सम्बन्धमा “यो दाऊदको विचार, पावलको विचार वा पत्रुसको विचार हो” भन्ने कुरा धेरै पल्ट सुनिन्छ। तर खास गरी पवित्र धर्मशास्त्रको कुनै भागमा कुनै मानिसको विचार व्यक्त गरिएको छैन। तर परमेश्वरको वचनचाहिँ हरेक कुराको सम्बन्धमा परमेश्वरको दृष्टिकोणले लेखिएको पुस्तक हो। यसकारण पवित्र धर्मशास्त्र बाइबलको कुनै भविष्यवाणी कसैको निजी रचना होइन, तर मानिसहरूले पवित्र आत्माको प्रेरणामा र उहाँको नियन्त्रणमा रहेर बोल्थे, लेख्थे।’ [10)]

यसकारण 'रचनाको मूल' भनेर एन.के.जे.वी. बाइबलको फट्केमा लेखिएको टिप्पणीको अर्थ हामीलाई सठीक लाग्छ; किनभने सन्दर्भसित यस प्रकारको अर्थ झन् बढ़ी मिल्छ।

**२ पत्रुस १:२१:** भर्खरै बीस पद अन्तर्गत दिइएको स्पष्टीकरण यस पदद्वारा पुष्टि गरिन्छ। *'किनकि कुनै पनि समयमा भविष्यवाणी मानिसको इच्छाद्वारा आएन।'* यस विषयमा एकजना अज्ञात व्यक्तिले यसो भनेका छन्ः 'बाइबलका लेखकहरूले जे लेखे, त्यो तिनीहरूको मनगड़न्ते कल्पना र विचारधारणाको फल थिएन। तिनीहरूको लेख मानिसको कल्पना, मानिसको अन्तर्दृष्टि वा मानिसको अड्कलको रचना थिएन।'

वास्तवमा*'परमेश्‍वरका पवित्र जनहरू पवित्र आत्माद्वारा प्रेरणा पाएर बोल्थे।'*[11)] उहाँले त्यो कसरी गर्नुभयो, सो हामीले पूरा बुझ्न सकेका छैनौं, तर परमेश्‍वरले यी मानिसहरूलाई तिनीहरूले लेख्नुपर्ने खुद शब्दहरू लेख्न लगाउनुभयो; तर यसो गर्दा उहाँले लेखकहरूको व्यक्तित्व र तिनीहरूको शैली नाघ्नुभएन, तर प्रयोग पो गर्नुभयो। परमेश्‍वरको वचन ईश्‍वरीय प्रेरणाको फल हो भन्ने सम्बन्धमा पवित्र बाइबलमा २ पत्रस १:२१ पद मुख्य सङ्केत-पद मानिन्छ। धेरै मानिसहरूले आफ्नो जीवनमाथि पवित्र धर्मशास्त्रको अधिकार छ भन्ने कुरा नमान्ने हाम्रो जमानामा महत्त्वपूर्ण छ, कि हामीले यसको विषयमा आफ्नो बलियो ठहर लिनुपर्छः परमेश्‍वरको वचन पवित्र आत्माको प्रेरणाद्वारा लेखिएको त्रुटिरहित र परिपूर्ण पुस्तक हो, जसको एक-एक शब्द ईश्‍वरीय प्रेरणाको फल हो।

'शाब्दिक प्रेरणा' भन्नाले हामीले यो बुझ्नुपर्छ, कि जुन शब्दहरू पवित्र बाइबलका चालीस लेखकहरूले आ-आफ्नो गुरुलेखमा लेखे, ती शब्दहरू तिनीहरूभित्र परमेश्‍वरको श्‍वास फुकिएको फल थियो (१ कोरिन्थी २:१३)। परमेश्‍वरले लेखकहरूलाई तिनीहरूले लेख्नुपर्ने लेखको मोटा-मोटी रूपरेखा वा मूल सिद्धान्त दिएर तिनीहरूलाई आफ्नो इच्छा-अनुसारका वाक्यहरू लेख्न छोड्नुभएन। तर तिनीहरूले लेखेका एक-एक शब्द पवित्र आत्माले तिनीहरूलाई दिनुभएको हो।

'परिपूर्ण प्रेरणा' भन्नाले हामीले यो बुझ्नुपर्छ, कि उत्पत्तिको पुस्तकदेखि लिएर प्रकाशको पुस्तकसम्म सम्पूर्ण बाइबल बराबर परमेश्वरको प्रेरणाले दिइएको प्रकाश हो। पवित्र बाइबल परमेश्वरको वचन हो (२ तिमोथी ३:१६)। विभिन्न लेखहरूको सङ्ग्रहरूपी पवित्र बाइबल 'त्रुटिरहित पुस्तक' भन्नाले हामीले बुझ्नुपर्छ, कि परमेश्वरको वचनको एक-एक गुरुलेखमा कुनै भूल वा गल्ती छैन। शिक्षाको सम्बन्धमा मात्र होइन, तर इतिहास, विज्ञान र कालक्रम आदि सम्बन्धमा पनि पवित्र बाइबल त्रुटिरहित पुस्तक हो।

## ग) २ पत्रुस २:१-२२: झूटा शिक्षकहरूको आगमनको विषयमा भविष्यवाणी

**२ पत्रुस २:१:** एक अध्यायको अन्तमा पत्रुसले पुरानो नियमका भविष्यवक्ताहरूको कुरा गरे, जुन भविष्यवक्ताहरूले आफ्नो इच्छाअनुसार होइन, तर पवित्र आत्माको प्रेरणाद्वारा बोल्थे। तर पुरानो नियमको समयमा परमेश्वरका साँचो भविष्यवक्ताहरू मात्र नभएर झूटा अगमवक्ताहरू पनि थिए। अनि ठीक त्यस्तै ख्रीष्टीय युगमा साँचो, सद्भावी शिक्षकहरूको साथसाथै झूटा शिक्षकहरू पनि हुनेछन्।

अनि ती झूटा अगमवक्ताहरूले मण्डलीभित्र आफ्नो ठाउँ ओगट्छन्। तिनीहरूले सुसमाचारको प्रचारकको भेष लिन्छन्। यसकारण तिनीहरूबाट आउने खतरा ठूलो छ। तिनीहरूले सरासर 'हामी नास्तिक हौं' वा 'हामी अज्ञेयवादी हौं' भनेका भए मानिसहरू सतर्क रहनेथिए। तर तिनीहरू छलका कलाकार हुन्। तिनीहरू बाइबल लिएर आउँछन्; तिनीहरूले शास्त्रसम्मत शब्दहरू प्रयोग गर्छन्; तर तिनीहरूले यी शब्द-हरूमा भिन्नै अर्थ लगाउँछन्। धर्मविज्ञानको उदारवादी अध्ययन-गोष्ठीको अध्यक्षले आफ्नो रणनीति यस प्रकारले व्यक्त गरेः

> 'धेरै पल्ट कुरा यस्तो छः मण्डलीहरूले आफ्ना पहिले मान्दै आएका विचारधारणाहरू बदली गर्दा रहेछन्; यसो गर्दा तिनीहरूले "लौ,

आजदेखि हामीले फलाना-फलाना पुराना धारणाहरू त्याग्यौं है" भन्ने सूचना दिँदैनन्, उद्घोषणा गर्दैनन्। अनि यी मण्डलीहरूका धर्म-वैज्ञानिकहरूले प्रायः यस्ता तरिकाहरू अपनाउँछन्, जुन तरिकाहरूद्वारा तिनीहरूले आ-आफ्नो मण्डलीको परम्परा कायम राख्ने बहाना गर्छन्, तर मान्दै आएका तथ्यहरूमा नयाँ अर्थ लगाइदिन्छन्।'

श्री डब्ल्यू. ए. क्रिस्वेलले यी झूटा शिक्षकहरूको बयान यस प्रकारले गरेका छन्ः

'झूटा शिक्षक कस्तो छ? त्यसलाई एक भद्र, सुशील, विनीत, मिलनसार, रूपवान र शिक्षित मानिस सम्झनुहोस्, जसले आफूलाई ख्रीष्ट येशूको मित्रको रूपमा प्रस्तुत गर्छ! पुल्पिटमा उभिएर त्यसले प्रचार गर्छ। त्यसले ज्ञानी-ज्ञानी विद्वत्तापूर्ण किताबहरू लेख्ने गर्छ। त्यसले इसाई पत्रिकाहरूमा आफ्नो लेख प्रकाशन गर्छ। त्यसले इसाई-धर्मभित्रबाट त्यसलाई आक्रमण गर्छ। त्यसले ख्रीष्टको मण्डलीलाई र इसाई स्कूलहरूलाई हरेक अशुद्ध र घिनलाग्दो चराको खोर तुल्याइ-दिन्छ। त्यसले आफ्ना सबै भोजनहरू सदुकीहरूको शिक्षाको खमिरले अमिलो पारिदिन्छ।' 12)

हामीले यी झूटा शिक्षकहरूलाई कहाँ खोज्नुपर्छ? तिनीहरूलाई भेट्टाउने सुस्पष्ट जग्गाहरू यी नै हुन्ः

- Liberal and Neo-Orthodox Protestantism
- Liberal Roman Catholicism
- Unitarianism and Universalism
- Russelism/Jehovah's Witnesses
- Mormons
- Christian Science
- Unity School of Christianity
- Christ-adelphianism
- Armstrongism/The Radio Church of God

तिनीहरूले आफूलाई धार्मिकताको रक्षक भइटोपल्छन्, तर तिनीहरूले बाइबलीय शिक्षा दिनको साथसाथै लुकी-लुकी आत्मा-हरूलाई नष्ट पार्ने झूटा शिक्षाहरू भित्र हुल्छन्। तिनीहरूले जानी-बुझी तयार गरेको झूटो र सत्य शिक्षाको यो मिसावट छली र खतरनाक छ। तिनीहरूले प्रस्तुत गरेको झूटो शिक्षा एउटा इन्कार-तन्त्र हो। उक्त सूचिमा उल्लेख गरिएको समुदायहरूमा तिनीहरूले इन्कार गरेका कुराहरूमध्ये अस्वीकार गरिएका कुनै मुख्य बुँदाहरू हामी यहाँ पेश गर्छौं:

तिनीहरूले पवित्र बाइबलको शाब्दिक प्रेरणा र परिपूर्ण प्रेरणा इन्कार गर्छन्। तिनीहरूले परमेश्वरको त्रिएकता, ख्रीष्ट येशूको परमेश्वरत्व, उहाँ कन्या मरियमको कोखबाट जन्मनुभएको र पापी मानिसहरूको स्थानमा मर्नुभएको कुरा इन्कार गर्छन्। तिनीहरूले प्रभु येशूले बगाउनुभएको रगतको महत्त्वलाई सशक्त इन्कार गर्छन्। तिनीहरूले उहाँको शारीरिक बौरिउठाइ इन्कार गर्छन्, तिनीहरूले अनन्त सजाय इन्कार गर्छन्, तिनीहरूले प्रभु येशू ख्रीष्टमाथि राखिएको विश्वासद्वारा पाइने मुक्ति, परमेश्वरको अनुग्रहको त्यो सित्तैंमा पाइने दान इन्कार गर्छन्। तिनीहरूले पवित्र बाइबलमा उल्लेख गरिएका आश्चर्यकर्महरू इन्कार गर्छन्।

वर्तमान समयमा अरू केही प्रचलित झूटा शिक्षाहरू यस प्रकारका छन्:

'केनोसिस' भन्ने सिद्धान्तः यस झूटा शिक्षाअनुसार ख्रीष्ट येशूले मानिसको चोला लिएको बेलामा आफूलाई सबै ईश्वरीय गुणहरूदेखि रित्तो पार्नुभयो। केनोसिस ग्रीक शब्द हो, जसको अर्थ रित्त्याउनु हो। यस सिद्धान्तअनुसार प्रभु येशूले पाप गर्न सक्नुहुनेथियो, भूलचूक पनि गर्न सक्नुहुनेथियो।

त्यसपछि परमेश्वर मर्नुभएको भ्रान्ति, विकासवाद, सार्विक मुक्ति, शोधन-स्थान, मृतकहरूका निम्ति प्रार्थनाहरू गरिने प्रचलन आदि।

तिनीहरूलाई किन्नुभएको मालिकलाई इन्कार गर्नुचाहिँ झूटा शिक्षकहरूको परम पाप हो। तिनीहरूले प्रभु येशूको विषयमा राम्रा-राम्रा कुरा त गर्लान्, अँ, तिनीहरूले उहाँको ईश्वरत्व, उहाँको उच्च नैतिकता,

उहाँको उत्कृष्ट नमुनाको विषयमा चर्चा त गर्लान्, तर उहाँलाई परमेश्वरको रूपमा र एकमात्र मुक्तिदाताको रूपमा स्वीकार गर्दै-गर्दैनन्।

यसको एउटा नकारात्मक उदाहरण श्री नेल्स फेरे हुन्, जसले यसो लेखेका छन्ः 'येशू कहिल्यै परमेश्वर हुनुहुन्नथियो; उहाँ कहिल्यै परमेश्वर बन्नुभएन। ... येशूलाई परमेश्वर भन्नु र उहाँको देहधारणबाट एउटा मूर्ति बनाउनु एउटै कुरा हो।' 13)

अनि मेथोडिस्ट चर्चको बिशप जेराल्ड केन्नेडीले यस प्रकारको नकारात्मक रायमा यसो भन्दै आफ्नो समर्थन र सहमत दिएका छन्ः

> 'खुला रूपले म स्वीकार गर्छुः "ख्रीष्ट येशू परमेश्वर हुनुहुन्छ" भन्ने अङ्गीकार मलाई मन पर्दैन; यो भनाइ मलाई सठीक लाग्दैन। मेरो अभुरुचिअनुसार "परमेश्वर ख्रीष्ट येशूमा हुनुहुन्थ्यो" भन्नु उचित हुन्थ्यो; किनकि मेरो विश्वास छ, कि समस्त नयाँ नियमको साक्षीले येशूको परमेश्वरत्व पुष्टि गर्दैन; मेरो विचारमा, नयाँ नियमको अत्यधिक साक्षीले येशूको ईश्वरत्व वा उहाँको ईश्वरीयतामा गवाही दिन्छ।' 14)

यस प्रकारले र अरू धेरै प्रकारले झूटा शिक्षकहरूले तिनीहरूका मालिकलाई इन्कार गर्छन्, जसले तिनीहरूलाई किन्नुभएको थियो। यहाँ हामी एकक्षण घोरेर याद गर्नुपर्छः पत्रुसको शब्दअनुसार तिनीहरूका निम्ति छुटकाराको दाम तिरिएको थियो, तर तिनीहरूले कहिल्यै मुक्ति पाएका थिएनन्। नयाँ नियममा छुटकाराको दाम तिर्ने र छुटकारा पाउने कुराको बीचमा छुट्ट्याइन्छ। सबै मानिसहरूका निम्ति छुटकाराको दाम तिरियो, तर सबै मानिसहरूले मुक्ति पाउँदैनन्। दाम तिरेर पाइने छुटकारा तिनीहरूका निम्ति मात्र कार्यकारी हुन्छ, जसले प्रभु येशूलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छन्; उनीहरूको हिसाबमा उहाँको बगाइएको रगतको दाम लगाइदिइन्छ (१ पत्रुस १ः१८-१९)।

मत्ती १३ः४४ पदमा प्रभु येशूलाई एकजना खेत किन्ने मानिससित तुलना गरिएको छ, जसले त्यो खेत किन्नलाई आफूसँग भएको यावत् थोक बेचिदिएको छ। अनि मत्ती १३ः३८ पदअनुसार त्यस खेतले यस

संसारलाई सङ्केत गर्छ। यसर्थ प्रभु येशूले आफ्नो क्रूसको मृत्युद्वारा संसारलाई त्यसमा भएका सबै थोकहरूसित किन्नुभयो। तर उहाँले सारा संसारलाई छुटकारा वा मुक्ति दिनुभएन। हो, उहाँको त्राणको कामचाहिँ सारा संसारका सबै मानिसहरूलाई मुक्ति दिने पर्याप्त दाम त थियो; तर मानिसहरूलाई अनन्त चुक्ती प्रदान गर्ने हिसाबचाहिँ पश्चात्ताप गरेर र विश्वास गरेर प्रभु येशूलाई ग्रहण गर्ने मानिसहरूको खातामा मात्र लगाइन्छ।

यी भूटा शिक्षकहरूले मुक्ति पाएका थिएनन् भन्ने कुरा हामी कसरी निश्चित जानौं? तिनीहरूको अन्त हेरेर यो थाहा लाग्छ। तिनीहरूले आफूमाथि चाँडै विनाश ल्याउँछन्। तिनीहरूको अन्त त्यस अग्नि-तालमा हुनेछ, जहाँ तिनीहरूले अनन्त सजाय भोग्नेछन्।

**२ पत्रुस २:२:** पत्रुसको पूर्वजानकारीअनुसार धेरै मानिसहरू भूटा शिक्षकहरूको पछि लाग्नेछन्। तिनीहरूको ठूलो आकर्षण केमा छ? तिनीहरूले पवित्र बाइबलको उच्च नैतिक स्तरबाट घटाउँछन् र शरीरका अभिलाषाहरू पूरा गर्ने छुट दिन्छन्। यहाँ हामी यसका दुईवटा नकारात्मक उदाहरण पेश गर्छौं:

अङ्लिकन बिशप जोह्न ए. टी. रबिन्सनले यसो लेखेका छन्:

> '... कुनै कुरालाई "खराब" भन्ने नामले अङ्कित गर्नुहुँदैन। उदाहरणको निम्ति, कसैले पनि विवाह हुनुभन्दा अघिका स्त्री-पुरुषका सम्बन्धहरू व्यभिचार गनिने दृष्टिकोण लिनुहुँदैन, र विवाहको सम्बन्ध-विच्छेद सधैं पाप भन्न मिल्दैन। यी कुराहरू उनान्सय प्रतिशत, अँ, शत प्रतिशत गलत होलान्, तर यी कुराहरूको निजी गुण खराब होइन; किनभने प्रेमको अभावचाहिँ एकमात्र खराब कुरा हो।' [15)]

दोस्रो नकारात्मक उदाहरण हामी मण्डलीहरूको राष्ट्रिय परिषद्द्वारा प्रकाशन गरिएको *Called to Responsible Freedom* नामक किताबबाट लिन्छौं, जुन किताबमा युवायुवतिहरूलाई यस प्रकारको सल्लाह दिइएको थियो:

'यसकारण यो एउटा व्यक्तिगत कुरा हो; ऐनकानुनको सामु विवाहको बन्धनले सहवास गर्ने लोग्नेस्वास्नीहरूको यौन-सम्बन्ध विधिवत् ठहराउँछ र पवित्र पार्छ। तर यो कुरा खास मानिसहरूको वैवाहिक बाहिरी परिस्थितमा होइन, तर तिनीहरूका हृदयभित्र एक-अर्काप्रति लाग्ने भावनामा भर पर्छ। यस प्रकारको दृष्टिकोण अपनाउनु हो भने, एक-अर्काको हात समात्नु एकदम गलत, तर रतिक्रिड़ा बिलकुल ठीक र उचित ठहरिन सक्छ।' 16)

झूटा शिक्षकहरूले यस प्रकारले सिकाउँछन् र यस प्रकारको व्यवहार देखाउँछन्; यसकारण यस प्रकारको अश्लील, अनैतिक चालले गर्दा सत्यताको मार्गको बदनाम हुन्छ; अनि विश्वास नगर्ने मानिसहरूको बीचमा इसाई-धर्मप्रति ठूलो अवहेलना बढ्छ।

**२ पत्रुस २:३:** झूटा शिक्षकहरू विलासी, लम्पट र अर्थिक क्षेत्रमा साह्है लोभी हुन्छन्। तिनीहरू सेवकाइमा किन लागे? यो त तिनीहरूको लोभ पूरा गर्ने प्रलाभी पेसा पो हो। आफ्नो सेवा पुर्‍याउने मानिसहरूलाई आफ्नो आय-स्रोत सम्झेर तिनीहरूले आफ्ना धेरै अनुयायीहरूलाई बनाउँछन्। यो तिनीहरूको सर्वोच्च लक्ष्य रहेछ।

तिनीहरूले झूटा कुरा गरेर मानिसहरूबाट फाइदा उठाउँछन्। यस विषयमा श्री जी. एन. डार्बीले यसो भनेका छन्: 'शैतान तब पूरा शैतानिक हुन्छ, जब बाइबल बोकेर त्यो हामीकहाँ आउँछ।' यसकारण यी मानिसहरू बाइबल बोकेर र धार्मिकताको प्रचारकको भेष लिएर हामीकहाँ आउँछन्। तिनीहरूले हामीलाई प्रख्यात भजनहरू गाउन लाउँछन् र बाइबलको भाषा चलाउँछन्। तर यो सब तिनीहरूको छद्मभेष हो, जुन छद्मभेषले तिनीहरूका झूटा शिक्षाहरू र तिनीहरूको नैतिक भ्रष्टाचार ढाकछोप गर्नुपर्छ।

यी धार्मिक पञ्चमाङ्गीहरूको न्याय भयाङ्कर हुनेछ। तिनीहरूको न्याय ढिलो गर्दैन। यस काटमारको तयारी हुँदैछ। तिनीहरूको विनाश निद्राले झुल्किँदैन, उग्दैन। तिनीहरूको विनाश चितुवाले झैं तिनी-हरूमाथि झन्टनलाई तम्तयार र जागो रहेको छ।

**२ पत्रुस २:४:** अबको खण्डमा पुरानो नियमबाट पतित भएकाहरूमाथि परमेश्वरको न्याय आइपरेका तीनवटा उदाहरणहरू भिकिन्छन् (२ पत्रुस २:४-१०), जस्तैः स्वर्गदूतहरूमाथि, जल-प्रलयभन्दा अघि जिएका मानिसहरूमाथि, अनि सदोम र गमोरा नामक शहरका बासिन्दाहरूमाथि ।

हाम्रो अनुमानमा, यी पाप गर्ने स्वर्गदूतहरूको सन्दर्भ-पद यहूदा १:६ पद हो । अनि यहूदा १: ६ पदबाट हामी यी स्वर्गदूतहरूको विषयमा निम्न कुराहरू थाहा गर्छौंः

**क)** तिनीहरू आफ्नो पहिलो पदमा रहेनन् ।

अनि **ख)** तिनीहरूले आफ्नो वासस्थान छोड़ेका थिए ।

हामीले किटान गरेर भन्न सक्दैनौं; तर विश्वास गर्नलाई ठोस कुरा के छ भने, यी स्वर्गदूतहरू उत्पत्ति ६:२ पदमा उल्लेख गरिएका परमेश्वरका छोराहरू हुनुपर्ला, जहाँ यिनीहरूको विषयमा यसो लेखिएको छः *'तब परमेश्वरका छोराहरूले मानिसका छोरीहरूलाई यिनीहरू सुन्दरी रहेछन् भनी देखे; अनि यी सबैजनाबाट जस-जसलाई तिनीहरूले चुने, उनी-हरूलाई तिनीहरूले आ-आफ्ना स्वास्नी तुल्याए ।'* अय्यूब १:६ र २:१ पदमा स्वर्गदूतहरूलाई परमेश्वरका छोराहरू भनिएको छ । उत्पत्ति छ अध्यायबाट निम्न निष्कर्ष निस्केको छः परमेश्वरका छोराहरूले तिनी-हरूका निम्ति निर्धारित गरिएको स्वर्गदूतको पद छोड़ेर गएका थिए र स्वर्गको आफ्नो वासस्थानको सट्टामा पृथ्वीलाई आफ्नो वासस्थान तुल्याएका थिए, अनि स्त्रीहरूलाई लिएर यिनीहरूलाई आफ्ना मानवीय पत्नीहरू तुल्याएका थिए । अनि यिनीहरूबाट जन्मेका सन्तानहरूको नाम 'नेफिलहरू' थियो, अर्थात् पतित भएकाहरू (उत्पत्ति ६:४) । उत्पत्ति ६:३ पदअनुसार कुरा स्पष्ट छः परमेश्वर यस प्रकारको अवैध वैवाहिक सम्बन्ध र सम्भोगमा सारा बेखुशी हुनुहुन्थ्यो ।

यो धारणा नकार्ने तर्क यस्तो छः स्वर्गदूतहरूको कुनै लिङ्ग छैन; यसकारण तिनीहरूले विवाह गर्न सक्दैनन् । तर पवित्र बाइबल यसको

विषयमा चुप रहन्छ। मर्कूस ११:२५ पदमा प्रभु येशूले भन्नुभयो, कि स्वर्गमा हुने स्वर्गदूतहरू विवाह गर्दैनन्। तर पुरानो नियमको समयमा स्वर्गदूतहरूले धेरैजसो मानिसको रूप धारण गरेर मानिसको रूपमा देखा परेका थिए। उत्पत्ति १९:१ पदमा लूतले अतिथिको रूपमा सत्कार गरेका दुईजना स्वर्गदूतहरूलाई उत्पत्ती १९:५, १० र १२ पदमा 'मानिसहरू' भनिएको छ। तिनीहरूका खुट्टा र हातहरू थिए (उत्पत्ति १९:२ र १०)। तिनीहरूले खाना खाए (उत्पत्ति १९:३)। तिनीहरूको शारीरिक बल थियो (उत्पत्ति १९:१० र १६)। सोदमका मानिसहरूका भ्रष्ट अभिलाषा-हरूबाट कुरा स्पष्ट छः यी स्वर्गदूतहरूका शरीर थिए; नत्र ती भ्रष्ट मानिसहरूले उनीहरूसित सम्भोग गर्ने चाहना कसरी राख्न सके त? (उत्पत्ति १९:५)।

यी स्वर्गदूतहरूको पतन ठूलो थियो। यसबाट परमेश्वर नाराज हुनुभयो; किनभने उहाँले स्थापित गर्नुभएको व्यवस्थामा गड़बड़ी आएको थियो। उहाँले यिनीहरूलाई अथाह कुण्डमा हाल्नुभयो, जहाँ यिनीहरूले अन्तिम न्यायको निम्ति पर्खिरहेका छन्; यिनीहरू अन्धकारले पूर्ण निस्पट्ट अँध्यारा, उराठलाग्दा कुण्डमा साङ्लाहरूले बाँधिएका हुन्छन्।

**२ पत्रुस २:५ः** पाप गर्ने मानिसहरूमाथि आइपरेको परमेश्वरको न्याय दोस्रो उदाहरण हो। परमेश्वरले पाप गर्ने मानिसहरूको हस्तक्षेप गर्नुभयो, तत्कालै तिनीहरूलाई तिनीहरूका पापहरूको सजाय दिनुभयो र तिनी-हरूलाई जलप्रलयद्वारा नाश गर्नुभयो। यी मानिसहरूको दुष्टता ठूलो थियो। तिनीहरूको हृदयका विचारहरूको हरेक कल्पना र भावना निरन्तर खराबै मात्र भइरहेको थियो (उत्पत्ति ६:५)। अनि परमेश्वरको विचारमा, पृथ्वी भ्रष्ट र अत्याचारले भरिएको थियो (उत्पत्ति ६:११-१३)। अनि परमप्रभुले पृथ्वीमाथि मानिसहरूलाई सृष्टि गर्नुभएकोमा दुःखी हुनुभयो र पछुताउनुभयो (उत्पत्ति ६:६)। उहाँले यतिसम्म अफसोस मान्नुभयो, कि उहाँले मानिसहरूलाई पृथ्वीबाट मेटाइदिने निर्णय गर्नुभयो (उत्पत्ति ६:७)। उहाँले प्राचीन संसारलाई बाँकी राख्नुभएन, तर पृथ्वीमाथि जलप्रलय ल्याउनुभयो, जुन जलप्रलयले पृथ्वीका सबै भक्तिहीन मानिस-हरूलाई नष्ट गर्‍यो।

केवल नूह र तिनको परिवारले परमप्रभुको दृष्टिमा कृपा पाए। उनीहरूले पानीजहाजमा शरण लिए र त्यसमा शरण पाए; परमेश्वरको क्रोध र बल्दो रिसरूपी आँधीबेह्रीले उनीहरूलाई अलिकति पनि छुन पाएन।

नूह धार्मिकताको प्रचारक थिए। उनलाई यहाँ यो नाम दिइयो। जुन बेलामा उनले पानीजहाज बनाउँदैथिए, त्यस बेलामा ठट्टा गर्ने दर्शकहरूले उनको मार्तोल हिर्काइएको ठकठक आवाज मात्र होइन, तर उनको मुखबाट चेतावनीहरू पनि सुन्न पाउँथे; किनभने तिनीहरू आफ्ना पापहरू-बाट हटेनन् भने तिनीहरूले आफ्ना दुष्टताका निम्ति परमेश्वरको धर्ममय सजाय भोग्नुपरेको थियो।

**२ पत्रुस २:६:** परमेश्वरको कसैलाई बाँकी नराख्ने न्यायको तेस्रो उदाहरण सदोम र गमोराको विनाश हो। यी दुईवटा शहरहरू हालैमा मृत्सागर जहाँ छ, त्यहीं अवस्थित थिए, खास गरी त्यस मृत्सागरको दक्षिणको भागमा अवस्थित थिए। यी शहरहरू कामविकृतिको मलकुण्ड थिए। यी शहरका बासिन्दाहरूले समलिङ्गी सम्भोग सामान्य, मामुली कुरा सम्झे। यस पापको परिभाषा रोमी १:२६-२७ पदको खण्डमा यसरी पढ्न पाइन्छः *'किनकि तिनीहरूका स्त्रीहरूले पनि स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारसित साटे; अनि त्यही प्रकारले पुरुषहरूले पनि स्त्रीहरूसितको स्वाभाविक व्यवहार त्यागेर पुरुषहरूले पुरुषहरूसितै शर्मलाग्दो काम गर्दै एक-अर्काप्रति आफ्नो कामुकताले जले र आफ्नो भ्रष्ट चालको उचित दण्ड आफैमाथि ल्याए।'*

परमेश्वरले यस प्रकारको कुनै लगाम नलगाइएको चरित्रहीनता र भ्रष्टता रोग होइन, तर पाप पो भन्नुहुन्छ। परमेश्वरले समलिङ्गगमनको पाप घोर घृणा गर्नुहुन्छ। भावी पुस्ताका सबै मानिसहरूले यो कुरा जान्नैपर्छ। यसकारण उहाँले सोदम र गमोरामाथि आगो र गन्धकको वर्षा बर्साउनुभयो (उत्पत्ति १९:२४); उहाँले यी शहरहरू खरानीमा परिणत गर्नुभयो। यी शहरहरूको सत्यानाश यति पूर्ण थियो, कि यी शहरहरूको अत्तोपत्तो छैन। त्यस प्रकारको पाप वैध कुरा ठहराउनेहरू र त्यस पापलाई एउटा रोग

सम्भिनेहरूका निम्ति सोदम र गमोरा शहरहरूको विनाश एउटा ज्वलन्त उदाहरण हो ।

यस सम्बन्धमा ध्यानमा राख्नुपर्ने कुरा के हो भने, वर्तमान समयमा उदारवादी अधिकार-वर्गले कामविकृतिको पक्षमा बोल्ने साहस पाएको छ। यूनाइटेड चर्च ऑफ क्राइस्टको एकजना कर्मचारीले 'सोसियल एक्सन' नामक पत्रिकामा यसो लेखेर निम्न कुरा सिफारिस गरेका छन्ः 'मण्डलीले समलिङ्गीहरूको विरोधमा आफ्नो नीति बदली गर्नुपर्छ र तिनीहरूलाई आफ्ना प्रशिक्षणालयहरूमा, धर्मअधिकारीको पदको अभिषेकमा र मण्डलीका कर्मचारीहरूको भर्तीको सम्बन्धमा कुनै पक्षपात गर्नुहुँदैन' अरे। एपिस्कोपाल चर्चका नब्बेजना धर्मगुरुहरूले केही समयअघि के पारित गरेका छन् भने, सहमत भएका प्रौढ़हरूको बीचमा समलिङ्गगमन अनैतिक कुरा होइन रे। यसकारण बुझ्नुहोस्, झूटा धर्मगुरु र शिक्षकहरू यो पाप सिफारिस गर्ने मोर्चा-अभियानहरूमा अग्रसर हुन्छन् ।

यस पत्रले धर्मपतनसित व्यवहार गर्छ। अनि यसमा व्यभिचारको विषयमा ज्यादा पढ्न पाउँदा हामीले अचम्म मान्नुहुँदैन। किनकि यी दुईवटा कुरा प्रायः सँगसँगै हुन्छन्। किनभने नैतिक पतन धेरजसो धर्मपतनको मूलआधार मानिन्छ। मानौं, एकजना इसाई भाइ कामवासनाको सम्बन्धमा ठूलो पाप गर्छ। अनि उसले आफ्नो पाप मानिलिनुभन्दा र ख्रीष्टको रगतद्वारा फेरि शुद्ध गरिमाग्नुभन्दा उसलाई दोषी ठहराउनुहुने परमेश्वरलाई त्याग्छ र नास्तिक भएर जिउँछ। यस विषयमा श्री ए. जे. पोल्लोकले एउटा भएको घटना यसो बयान गरेका छन्ः

तिनको भेट एकजना जवान केटासित भएको थियो, जुन केटाले तिनलाई 'म इसाई हुँ' भन्यो। तर उसको जीवन बाइबलको सम्बन्धमा शङ्काहरू र अस्वीकारहरूले पूर्ण थियो । तब श्री पोल्लोकले सीधा उसलाई सोधेः 'प्रिय भाइ, कुनचाहिँ पापबाट तिमीले हालैमा आनन्द लिइरहेका छौं ?' तत्कालै आफ्नो टाउको निहुराएर त्यो युवक घुसमुन्टे, निरुत्तर भयो,

अनि यी दुईजनाको बातचित बन्द भयो। त्यो जवान लाजले भुतुक्कै भएर आफ्नो बाटो लाग्यो।[17)]

**२ पत्रुस २:७:** परमेश्वरले भक्तिहीन मानिसहरूमाथि विनाश ल्याउनुहुन्छ; अनि त्यही परमेश्वरले धर्मी जनहरूलाई बचाउनुहुन्छ, छुटकारा दिनुहुन्छ। पत्रुसले लूतमा यसको उदाहरण दिन्छन्। लूतको सम्बन्धमा हामीसँग पुरानो नियममा लेखिएको वृत्तान्त मात्र भएको भए हामीलाई तिनको विषयमा तिनी साँचो विश्वासी थिए कि भन्ने शङ्का लाग्नेथियो। उत्पत्तिको पुस्तकमा तिनको विषयमा पढ्दा हामीलाई के लाग्छ भने, तिनी इज्जत खोजिरहने अवसरवादी भएको हुनुपर्छ, जसले यस संसारमा एउटा नाम र मानभाउ पाउन पाप र भ्रष्टाचारको वातावरण सहे। तर पत्रुसले आत्माको प्रेरणामा के लेख्छन् भने, लूत एक धर्मी जन थिए, जो दुष्ट मानिसहरूको घिनलाग्दो चालको कारणले विरक्त भएका थिए। परमेश्वरले लूतमा साँचो विश्वास देख्नुभयो; अनि परमेश्वरलाई थाहा थियो, कि तिनले धार्मिकतालाई प्रेम गर्थे र पापलाई घृणा गर्थे।

**२ पत्रुस २:८:** तिनको विषयमा हामीलाई जेजस्तो लागे पनि लूत साँच्ची नै एक धर्मी मानिस थिए। पत्रुसले यस कुरामा जोड़ गरेर दोहोऱ्याउँछन्ः सोदममा सुनेका र देखेका खराब कुराहरूले गर्दा तिनको धार्मिक मन दिनहुँ पीड़ित हुन्थ्यो। सोदमका भ्रष्ट बासिन्दाहरू व्यभिचारमा डुबेका थिए; यस कुराले तिनलाई साह्रै दुःखित तुल्याउँथ्यो।

**२ पत्रुस २:९:** पत्रुसले भन्न चाहेको तत्पार्य यो होः प्रभुले भक्त जनहरूलाई छुटकारा दिन जान्नुहुन्छ; अनि उहाँले अधर्मी र भक्तिहीन मानिसहरूलाई दण्ड दिन पनि जान्नुहुन्छ। उहाँले आफ्ना जनहरूलाई परीक्षाबाट बचाउनुहुन्छ; तर अधर्मी मानिसहरूलाई चाहिँ उहाँले सजाय दिनका निम्ति न्यायको दिनसम्म साँचिराख्नुहुन्छ।

दुष्ट मानिसहरू नरकका निम्ति साँचिएका हुन्छन् (२ पत्रुस २:९) र नरक दुष्टहरूका निम्ति साँचिएको हुन्छ (२ पत्रुस २:१७)। ठीक त्यस्तै उत्तराधिकारको भाग ख्रीष्ट-विश्वासीहरूका निम्ति साँचिएको हुन्छ र उनीहरू पैतृक-सम्पत्तिका निम्ति साँचिएका हुन्छन् (१ पत्रुस १:४-५)।

**२ पत्रुस २:१०ः** परमेश्वर दुष्ट मानिसहरूलाई तिनीहरूको अन्तिम न्यायको दिनसम्म प्रतिबन्धमा राख्न पूरा सक्षम हुनुहुन्छ। यो कुरा यस अध्यायमा चर्चा गरिएका मानिसहरूमाथि पनि लागू हुन्छ अर्थात् यी झूटा शिक्षकहरूको जीवनमा सत्य ठहरिन्छ, जसले आफ्नो जीवन व्यभिचारद्वारा अशुद्ध पार्छन्, जसले सरकारका अधिकारीहरूको विरोधमा विद्रोह मच्चाउँछन् र जसले दुःसाहसी भई उच्च पदाधिकारीहरूको निन्दा गर्छन्।

यो कुनै गोप्य कुरा होइन, कि झूटा धर्मनेताहरूले ख्रीष्टका सेवकहरूको भेष लिन्छन्, तर तिनीहरूको नैतिक स्तर प्रायः नीच हुन्छ। तिनीहरू अनुचित यौन सम्बन्धमा आशक्त हुन्छन्, र खुल्लमखुल्ला कामुकताको पक्ष लिन्छन्।

उदारवादी धर्मनेताहरू सरकार ढलाउने मोर्चा-आन्दोलनहरूमा अग्रसर हुने कुरामा सानो मतलब नहोला। आधुनिकतावादी धर्मगुरुहरूले घरिघरि सरकार पल्टाउने राजनीतिक षड्यन्त्रहरूसित सम्बन्ध राखेका रहेछन्। फिलाडेल्फियाका प्रेस्बिटेरीका निम्ति मण्डली र समाजका गतिविधिहरूको निर्देशकले यसो भनेः 'मेरो विचारमा, हाम्रा सबै अहिंसाक कोशिशहरू विफल भए भने हामीले मण्डलीलाई बम र हातगोलाहरू नचलाउनदेखि कसरी रोक्न सक्छौं?'

ती मानिसहरू दुःसाहसी र हठी हुन्छन्। तिनीहरूले नियमपूर्वक संघटित गरिएको जुनसुकै अधिकार र जोसुकै अधिकारीलाई टेर्दैनन्, मान्दैनन्। आफ्ना शासकहरूको निन्दा गर्न जुनसुकै कुवाक्य प्रयोग गर्न तिनीहरूलाई ठीक लाग्छ। सरकार र त्यसका अधिकारीहरू परमेश्वरद्वारा नियुक्त गरिएका छन् (रोमी १३:१); अनि कुनै शासकको विरोधमा कुनै खराबी बोल्नुहुँदैन (प्रेरित २३:५) भन्ने तिनीहरूलाई के सरोकार? उच्च पदाधिकारीहरूको बदनाम र अपमान गर्दा जति सक्दो रूखा मानहानि शब्दहरू चलाएर तिनीहरूले मानिसहरूलाई अक्क न बक्क पार्न मन पराउँछन्, कि के हो? 'उच्च पदाधिकारीहरू' भनेर अनुवाद गरिएको शब्दको अक्षरशः अर्थ ग्रीक भाषाअनुसार 'महिमित हुनेहरू' हो। यो शब्द

एउटा आम-शब्द हो, जुन शब्दले परमेश्वरबाट सरकारी अधिकारप्राप्त सबै कर्मचारी र शासकहरूलाई समावेश गर्छ, चाहे ती अधिकारीहरू मानिस वा स्वर्गदूतहरू किन नहोऊन् । तर यहाँ, यस ठाउँमा यस शब्दको अर्थ मानव-जातिका शासकहरू हुनुपर्ला ।

**२ पत्रुस २ः११ः** यी भनाउँदा धर्म-सेवकहरूले आफ्नो ढीठपनद्वारा स्वर्गदूतहरूलाई पनि लज्जित तुल्याउँछन् । किनभने स्वर्गदूतहरू बल र सामर्थ्यमा मानिसहरूभन्दा ठूला हुन्छन्; र पनि उनीहरूले उच्च पदाधिकारीहरूको विरोधमा प्रभुको सामु कुनै निन्दापूर्ण दोष लगाउँदैनन् । यहाँ उच्च पदाधिकारीहरू भन्नाले हामीले महिमित स्वर्गदूतहरू बुझ्नुपर्ला, जुन स्वर्गदूतहरू उच्च ओहदाहरूमा बसेका छन् ।

प्रायः सबैको राय यहाँ मिल्छ, कि यहाँ, यस पदमा स्वर्गदूतहरूको विषयमा गरिएको अस्पष्ट सङ्केतले यहूदा १ः९ पदसित आफ्नो सम्बन्ध जोड्छ, जहाँ यसो लेखिएको छः *‘तर प्रधान स्वर्गदूत माइकलले पनि, जब तिनले शैतानसँग संघर्ष गर्दै मोशाको मृत-शरीरको विषयमा वादविवाद गरे, तब तिनले त्यसको विरोधमा निन्दापूर्ण दोष लगाउने साहस गरेनन्, तर तिनले भनेः “प्रभुले तँलाई हपारून् !” ’* मोशाको मृत्-शरीरको विषयमा किन वादविवाद चल्यो, सो हामीलाई थाहा छैन । तर यस विषयमा महत्त्वपूर्ण कुरा यो होः प्रधान स्वर्गदूत माइकलले दुष्ट आत्मा-हरूमाथि शैतानको अधिकारको ओहदा स्वीकार गरे । माइकलमाथि शैतानको कुनै अधिकार थिएन, तैपनि तिनले त्यसको निन्दा गर्ने साहस गरेनन् । तब विचार गर्नुहोस्, यहाँ यस्ता दुःसाहसी मानिसहरू छन्, जुन मानिसहरू पवित्र स्वर्गदूतहरूले नगर्ने काम पूरा गर्नुदेखि डराउँदैनन् । अनि न्यायको दिनमा त्यस प्रकारको अटेरीपनको प्रतिफल केकस्तो होला त नि भन्ने विषयमा हामी पनि विचार गरौं !

**२ पत्रुस २ः१२ः** यी पतित धर्मनेताहरूलाई हामी केसित तुलना गरौं ? तिनीहरू विवेकहीन पशुहरूजस्ता छन् । तिनीहरूको समझशक्तिले तिनी-हरूलाई पशुहरूदेखि छुट्ट्याएको छ; तर के गर्ने ? तिनीहरूले आफ्नो समझ र विवेक प्रयोग गर्दैनन् । तिनीहरू आफ्नो शरीरका अभिलाषाहरू

पूरा गर्न जिउँछन्, र यो नै आफ्नो जीवनको सर्वोच्च उद्देश्य र सार सम्झन्छन्। तर अधिक पशुहरू कसाईखानामा लगिनका निम्ति र मासु बनिनका निम्ति ठहराइएका छन्; त्योभन्दा ठूलो तिनीहरूको उद्देश्य छैन। ठीक त्यस्तै झूटा शिक्षकहरू विनाशतिर लम्किरहेका छन्। तिनीहरूले आफ्नो खास बोलावट पूरा बेवास्ता गर्छन्। तिनीहरूले आफ्नो जीवनमा परमेश्वरको महिमा गर्नुपर्नेथियो; तिनीहरूले उहाँको सङ्गतिमा अनन्त आनन्द उठाउनुपर्नेथियो।

तिनीहरूले ती कुराहरूको निन्दा गर्छन्, जुन कुराहरूको विषयमा तिनीहरूले केही पनि बुझेकै छैनन्। अनि तिनीहरूको अज्ञानता त्यस बेलामा बढ़ी स्पष्ट हुन्छ, जब ती छिन्द्रान्वेषीहरूले 'हामीले बाइबलभित्र गल्तीहरू भेट्टाएका छौं' भन्ने गर्छन्। तिनीहरूसँग आत्मिक जीवन छैन; यसकारण तिनीहरूले परमेश्वरका वचनहरू, उहाँका चाल र कामहरू बुझ्दैनन् (१ कोरिन्थी २:१४)। तर आत्मिक क्षेत्रमा तिनीहरू आफूलाई सुविज्ञ भइटोपल्छन्। तर तिनीहरूले खुट्टाका औंलाको बलले टेकेर जे देख्छन्, त्योभन्दा बढ़ी एक नम्र विश्वासीले घुँड़ामा बसेर देख्छ।

तिनीहरूको विनाश र पशुहरूको विनाश उस्तै-उस्तै हुनेछ। तिनीहरूले पशुजस्तो जिउने इच्छा गरे; यसकारण तिनीहरू पशुजस्तै नाश हुनेछन्। तिनीहरूको मृत्युमा तिनीहरूको अस्तित्व मेट्नेछैन, तर तिनीहरूको मृत्यु लज्जित, आशारहित मृत्यु हुनेछ।

**२ पत्रुस २:१३**: तिनीहरूले मृत्युमा आफ्नो अधार्मिकताको खातिर दुःख पाउनेछन्। श्री फिलिप्स्ले यो वाक्य यस प्रकारको भावात्मक अनुवादले अनुवाद गरेः 'तिनीहरूको दुष्टताले तिनीहरूका निम्ति अशुभ अन्त कमायो; अनि तिनीहरूको पूरा भुक्तान-सन्तुलन हुनेछ।'

तिनीहरू कस्ता मानिसहरू!! यति निर्लज्ज, यति निस्फिक्री र लट्ठिएका कि तिनीहरूले मध्यदिनमै आफ्ना पापकर्महरू पूरा गर्छन्। धेरजसो मानिसहरू अन्धकारको आड़मा मोज गर्छन् (यूहन्ना ३:१९)। मदिरालयहरूमा र वेश्यालयहरूमा मधुरा बत्तीहरू बल्ने कारण यही हो (१ थेस्सलोनिकी ५:७)। तर यी झूटा शिक्षकहरूको लुकी-लुकी पाप गर्ने सरम पचिसकेको छ।

ख्रीष्ट-विश्वासीहरूसँग भोजन गर्दा यिनीहरू दाग र कलङ्कहरू हुन्; किनकि कुनै लाज नमानी भक्कु खानु र भक्कु पिउनमा सोख गर्नेहरू यस प्रकारको प्रीतिभोजरूपी मङ्गलकार्यमा आएका सुहाउँदैन, धेरै अनौठो देखिन्छ। यी मानिसहरूको विषयमा यहूदाले यसो भनेः *'यिनीहरू तिमीहरूका प्रेम-भोजहरूमा धक नमानी तिमीहरूसँगै भोज खाने दागहरू हुन्, जसले आफ्नो पेट भर्दछन्'* (यहूदा १ः१२)। शुरुको मण्डलीमा प्रभुभोजको साथमा प्रीति-भोजहरू पनि आयोजित गरिन्थे। अनि जब झूटा शिक्षकहरू यसमा भाग लिन्थे, तब तिनीहरू अतिसेवन गर्थे र यस भोजको आत्मिक महत्त्वको विषयमा एउटै विचार पनि गर्दैनथिए। अरूको विषयमा के वास्ता, यी स्वार्थीहरूले आफ्नै मात्र मतलब राख्थे। तर प्रेम गर्नेहरूले सधैं अरूको वास्ता गर्छन्।

**२ पत्रुस २ः१४ः** अझै लाजमर्दो कुरा के हो भने यिनीहरूका आँखाहरू व्यभिचारले भरिभराउ हुन्छ र यिनीहरू पाप नगरी रहन सक्दैनन्। यी मानिसहरू को हुन्? बाइबलीय प्रवचन गर्ने प्रचारक हुन्, पवित्र विधिहरू सुसम्पन्न गर्ने पास्टर-पाद्रीहरू हुन्, मण्डलीका सदस्य-सदस्याहरूका आत्मिक सल्लाहकारहरू हुन्। तर यी मानिसहरूका आँखाहरू भने सधैं स्त्रीहरूमाथि रहन्छन्, तिनीहरूसँग अनैतिक सम्बन्ध राख्नलाई। केवल पूजाहारीको गाउनले छोपिएको यिनीहरूको कामुकताको निम्ति कुनै सीमा छैन।

अस्थिर हुनेहरू यिनीहरूको शिकार बन्दछन्। कतै यिनीहरूले पवित्र धर्मशास्त्रका खण्डहरू बेप्रयोग गरेर पापको सामु आँखा चिम्म गर्छन् र पापलाई ढाकछोप गर्छन् कि? अथवा असल र खराबचाहिँ कसैको संस्कृतिमाथि निर्भर गर्छ भन्छन् कि? यिनीहरूको प्रलोभनमा फसेका-हरूले यिनीहरूको मुखबाट 'प्रेममा गरिएको कुनै कार्य बेठीक मान्नुहुँदैन' भन्ने आश्वासनका मीठा-मीठा शब्दहरू सुन्न पाउलान्। तब धर्मगुरुलाई ठीक लाग्ने कुरा साधारण विश्वासीका निम्ति बेठीक किन हुने भन्ने निष्कर्षमा आइपुग्न स्वाभाविक कुरा हो।

यिनीहरूको हृदय लोभी व्यवहारमा पूरा अभ्यस्त भएको हुन्छ। यिनीहरू सिकारु होइनन् है। यिनीहरू बहकाउने कलामा उत्तीर्ण, एकदम सिपालु भएका हुन्। लोभी व्यवहार भन्नाले जुनसुकै लोभलालच बुझिन्छ, तर सन्दर्भ-अर्थमा कामुकतामा आशक्त हुनु हो।

पत्रुसको विचारमा, यिनीहरूद्वारा इसाई-धर्मको ठूलो उपहास र अपमान भएको छ; यी पतित भएकाहरूको पापले गर्दा ख्रीष्टको ठूलो बदनाम भएको छ। यिनीहरूको विषयमा पत्रुसको कलमले यसो लेख्छः यिनीहरू श्रापका सन्तानहरू हुन्छन्। कस्तो उद्घोषणा! तिनले यी मानिसहरूलाई सराप्दैनन्। तर यस्ताहरूलाई हाय, किनकि यिनीहरू-माथि पूरा बलले परमेश्वरको श्राप आइपर्नेछ भन्ने कुरा तिनले सफासँग देख्छन्।

**२ पत्रुस २ः१५ः** यी झूटा शिक्षकहरू र बोओरको छोरा बालामको बीचमा धेरै कुरा मिल्छ। किनभने त्यसले परमेश्वरको प्रवक्ता हुँ भन्थ्यो (गन्ती २२ः३८, २४ः४ र २४ः१५-१६ आदि)। यिनीहरूले अरूलाई पापमा फसाउँछन् (प्रकाश २ः१४)। तर यिनीहरू र त्यसको मुख्य समानता यसमा छः यिनीहरूले सेवकाइ कमाइ गर्ने भाँड़ा सम्झन्छन्। बालाम एक मिद्यानी मानिस थियो, जो मोआबका राजाद्वारा अगमवक्ताको रूपमा भाड़ामा लिइएको थियो, जसले तिनको इच्छाअनुसार इस्राएली-हरूलाई सराप्नुपरेको थियो। त्यसले यो सब काम पैसाको निम्ति गऱ्यो।

**२ पत्रुस २ः१६ः** इस्राएलीहरूलाई सराप्न जाँदाखेरि बालाम र त्यसको गधाको भेट परमप्रभुका दूतसित भयो। (परमप्रभुका दूत भन्नाले प्रभु येशूलाई सङ्केत गर्छ; उहाँको जन्म लिनुभएको अघि उहाँ परमप्रभुका दूत भएर देखा पर्नुभयो।) अनि प्रभुका दूतलाई देखेर त्यसको गधाले एक-दुईपल्ट अघि बढ्न मान्दै मानेन। जब बालामले त्यसलाई कोर्राले बेसरी हिर्कायो, तब गधा मानिसको बोलीमा त्यसलाई हप्कायो (गन्ती २२ः१५-३४)। अचम्म! त्यो नबोल्ने गधाले मानिसको बोलीले बोलेको कसरी? गधाको मालिकको भन्दा गधाको होश ठीक थियो। यस आश्चर्यकर्मले पनि बालामलाई रोक्न सकेन, त्यसलाई आफ्नो पागलपनबाट बिउँझाउन सकेन।

यस विषयमा श्री आर. सी. एच. लेन्स्कीले यसो भनेका छन्ः

'बालामचाहिँ हाम्रा निम्ति अगमवक्ताको एक भयानक उदाहरण हो; किनभने त्यसले गर्नु नहुने कुरा के थियो, सो परमेश्वरले त्यसलाई सफासँग बताइदिनुभएको थियो; अनि उहाँले गधाको मुखद्वारा बोलेर त्यसलाई गल्ती गर्नदेखि बचाउन खोज्नुभयो; तर यसको कुनै सीप लागेन। अधर्मको कमाइलाई प्रेम गरेर त्यो नाश भयो। नीच कमाइको लोभीको अन्त यस्तै छ।' [18)]

वर्तमान समयमा परमेश्वरले झूटा शिक्षकहरूलाई गधाको मुखबाट हपार्नुहुन्न। तर हाम्रो विश्वास छ, कि उहाँले घरिघरि यिनीहरूको पागलपन र मूर्खता हप्काउनुहुन्छ। उहाँले यिनीहरूलाई घरिघरि सठीक बाटोमा फर्कने आह्वान दिनुहुन्छ। सत्य मार्ग ख्रीष्ट येशू हुनुहुन्छ। धेरै पल्ट परमेश्वरले आफ्नो उच्च ज्ञानमा फुलिएका र मण्डलीभित्र आफ्नो उच्च पदमा घमण्ड गर्ने यी मानिसहरूलाई शर्ममा पार्न साधारण विश्वासीको सरल गवाही प्रयोग गर्नुहुन्छ। पवित्र धर्मशास्त्रको कुनै एक पद उद्धृत गरेर हो कि यी मानिसहरूलाई यिनीहरूको मनलाई छेड्ने कुनै प्रश्न सोधेर हो कि, पवित्र आत्माले भरिएको साधारण विश्वासीले यी वर्तमान बालाम-हरूलाई शर्मले पानी-पानी हुने अथवा यिनीहरूलाई रिसले चूर हुने तुल्याइदिन्छ।

**२ पत्रुस २ः१७ः** पत्रुसले यी झूटा शिक्षकहरूलाई पानीविनाका कुवाहरू वा पानीविनाका मुहानहरूसित तुलना गर्छन्। किनभने आत्मिक खाँचोमा परेका मानिसहरू यिनीहरूकहाँ जान्छन्, तर तिनीहरूको आत्मिक तिर्खा मेट्दैन, न ता तिनीहरू ताजा हुन्छन्, तर निराश पो हुन्छन्। किनभने यिनीहरू पानी नभएका कुवाहरू हुन्। यिनीहरू आँधीले उड़ाएर लगिएका बादलहरू हुन्। बादलहरू पानी पर्ने आशा बोकेर आउँछन्। अनि खड़ेरी परेको जमिन पानीका निम्ति पूरा तृषित हुन्छ। तर के गर्ने ? एउटा आँधी आउँछ र हावाको एउटा झोक्काले यी बादलहरू हटाइदिन्छ। आशा निराश भयो। तिर्खाएको जिब्रोमा एक थोपा पानी समेत परेन।

घोर अन्धकार यी धार्मिक कठपुतलीहरूका निम्ति साँचेर राखिएको छ। सुचमाचारको प्रचारकको भेष लिनेहरूसँग कुनै सुसमाचारै छैन। रोटी पाउनलाई मानिसहरू यिनीहरूकहाँ जान्छन्, तर ढुङ्गा पो पाउँछन्। प्रतिफलस्वरूप निस्पट्ट अन्धकार अनन्तसम्म [19) यिनीहरूकै हो।

**२ पत्रुस २:१८ः** *'यिनीहरू व्यर्थका बढ़ाइचढ़ाइका कुराहरू गर्छन्।'* अथवा श्री नोक्सले अनुवाद गरेझैं 'तिनीहरूका मीठो बोलीका शब्दहरूमा न अर्थ न बर्थ हुन्छ।' धेरै उदारवादी प्रचारकहरू र झूटा पन्थकाहरूका शब्दहरू ठीक यस्तै हुन्छन्। यी कुशल प्रवक्ताहरूको सीप हेर्नुहोस्! यिनीहरूले आफ्नो आडम्बरपूर्ण वाक्पटुताले आफ्ना श्रोताहरूलाई मन्त्रमुग्ध तुल्याउँछन्। यिनीहरूको पाण्डित्य शब्द-कलाले सीधासादा मानिसहरूलाई आकर्षित पार्ला। यिनीहरूका प्रवचनहरू सारगर्भित नहोलान्, तर प्रवचनको प्रस्तुतीचाहिँ स्वीकारात्मक र प्रभावशाली हुन्छ। बोलिसकेर यिनीहरूले खास कुरा केही पनि भनेका छैनन्।

यी झूटा शिक्षकहरूको रणनीति छ। यिनीहरूले मानिसहरूलाई हरेक किसिमको लोभ-लालच र अभिलाषा पूरा गर्ने छुट दिने प्रतिज्ञा गर्छन् र यसरी नै तिनीहरूलाई फकाउँछन्। यिनीहरूले हाम्रो शरीरका अभिलाषा-हरू परमेश्वरको देन हुन् भनेर पेश गर्छन्; यसकारण यी अभिलाषाहरू किन रोकिराख्ने? यसो गर्दा हाम्रो व्यक्तित्वमा ठूलो गड़बड़ी आउँछ अरे। यसकारण विवाह गरे-नगरे रतिक्रिड़ा गर्न पाउने खुकुलो नैतिकताको पक्षमा यिनीहरूले प्रचार गर्छन्।

यिनीहरूका शिकारहरू ती मानिसहरू हुन्छन्, जो भ्रममा परेकाहरूको बीचबाट साँच्चै [20) उम्किसकेका थिए। यी मुक्ति नपाएका मानिसहरूलाई के भएको? एक समयमा तिनीहरूले स्वतन्त्रतापूर्वक आफ्ना पापका अभिलाषाहरू पूरा गर्दै आफ्नो पापी जीवनबाट आनन्द उठाउँथे। तर कतैबाट तिनीहरूको मनमा एउटा परिवर्तन आयो। अनि तिनीहरूले आफ्नो जीवन सुधार्ने निर्णय गरे। अब सबै कुरा नयाँ हुनुपर्छ। अनि तिनीहरूले चर्च जान थाले। तर कारणवश तिनीहरू बाइबल-सम्मत मण्डलीमा नगई अरू कुनै सभामा पसेछन्, जहाँ कुनै झूटा गोठाला

सेवारत थिए। त्यहाँ तिनीहरूले मुक्तिको सुसमाचार सुनेनन्, जुन सुसमाचारअनुसार ख्रीष्ट येशूमाथि विश्वास गरेर तिनीहरूले मुक्ति पाउन सक्नेथिए। तर यसको सट्टामा तिनीहरूले के सुने त ? तिनीहरूले पापलाई छुट दिने र पापलाई मनाही नगर्ने शिक्षा पो सुने। तिनीहरू छक्क परे। तिनीहरूको विगत पूर्वविचारअनुसार पाप सधैं गलत थियो; अनि मण्डली सधैं पापको विरुद्धमा थियो। तर अबचाहिँ तिनीहरूले के सुन्नुपर्‍यो ? अरे, पापलाई धार्मिक अनुमोदन पो दिइएछ।

**२ पत्रुस २:१९:** पतित धर्म-अधिकारी र प्रचारकहरूले स्वतन्त्रता भन्ने शब्द खूबै रुचाउँदा रहेछन्, स्वतन्त्रताको विषयमा खूब कुरा गर्दा रहेछन्। तर तिनीहरूको स्वतन्त्रताचाहिँ परमेश्वरको अधिकारको अधीनतामा नबस्ने, तर पाप गर्ने स्वतन्त्रता पो हो। तर योचाहिँ कुनै खास स्वतन्त्रता होइन, तर एक प्रकारको बन्धन, अँ, सबैभन्दा खराब बन्धन पो हो। यिनीहरू आफैचाहिँ भ्रष्टताका कमारा हुन्, यी किसिम-किसिमका कुअभिलाषा र कुलतरूपी साङ्‌लाहरूले बाँधिएकाहरू; यिनीहरूसँग पापको बन्धन तोड्ने शक्ति नै छैन।

**२ पत्रुस २:२०:** अबको खण्ड झूटा शिक्षकहरूको सन्दर्भमा होइन, तर यिनीहरूका शिकारहरूको विषयमा लेखिएको छ (२ पत्रुस २:२०-२२)। ती मानिसहरूको जीवनमा केही हदसम्म सुधार त आयो, तर तिनीहरूको नयाँ जन्म भएकै छैन। तिनीहरूमा येशू ख्रीष्टको चिन्ने ज्ञान अधूरा भएको रहेछ, इसाई शिक्षाहरू सम्बन्धी ज्ञानको कुरा नगरे पनि हुन्छ। तर यतिमा तिनीहरूले पापको जीवन त्यागे र आफ्नो जीवनमा केही नैतिक सुधार ल्याए; तिनीहरूको घर-सफाइको काम शुरु भयो।

त्यसपछि तिनीहरू झूटा शिक्षकहरूको प्रभावमा परे, जुन झूटा शिक्षकहरूले हरेक नैतिक सद्‌गुण ठट्टामा उड़ाउँछन्, र नैतिक बन्धनहरू तोड्ने र नैतिक मनाहीहरूदेखि छुटकारा नपाएसम्म आन्दोलन गर्छौं भन्छन्। यसैले ती बिचराहरू यी पापहरू दोहोर्‍याउन पुग्छन्, जुन पापहरूबाट तिनीहरूले केही समयसम्म छुटकारा पाएका थिए। वास्तवमा, तिनीहरू आफ्ना पापहरूमा पहिलेभन्दा बढ़ी डुब्छन्; किनभने

अहिले तिनीहरूमा पापको रोकटोक गर्ने धार्मिक शक्ति पनि छैन। तिनीहरूलाई रोकिराख्ने केही पनि बाँकी रहेन। यसकारण तिनीहरूको पछिल्लो दशा पहिलेको दशाभन्दा खराब हुन गएको छ।

**२ पत्रुस २:२१:** मानिसको सौभाग्यअनुसार उसको जिम्मेवारी हुन्छ। ठूलो सौभाग्यको साथमा ठूलो जिम्मेवारी आउँछ। इसाई नैतिक स्तरहरूको विषयमा मानिसले जत्ति बढ़ी बुझेको हुन्छ, त्यत्ति नै बढ़ी ती स्तरहरूअनुसार जिउने उसको जिम्मेवारी हुन्छ। परमेश्वरका पवित्र आदेशहरू जानेर यस संसारको नैतिक फोहोरमा फर्कनुभन्दा परमेश्वरका पवित्र आज्ञाहरू नजान्नु बेस हुनेथियो।

**२ पत्रुस २:२२:** ती मानिसहरूमा एउटा साँचो उखान पूरा भयो। त्यस उखानअनुसार कुकुर आफ्नो बान्तामा फर्कन्छ (हितोपदेश २६:११) र नुहाएको भुनी आहाल खेल्न फर्कन्छ। पत्रुसले कुकुर र सुँगुरको उदाहरण दिएको कुरामा अर्थ छ; किनभने मोशाको व्यवस्थाअन्तर्गत यी दुवै जनावर अशुद्ध हुन्थे। अनि ती अशुद्ध पशुहरूको स्वभावमा केही परिवर्तन आउला भन्ने गन्ध यस उखानमा अलिकति छैन। यी दुवै जनावरहरू बान्ता र हिलोबाट छुटकारा पाउनुभन्दा अघि अशुद्ध र त्योभन्दा पछि पनि अशुद्ध थिए। अशुद्ध भएर तिनीहरू आफ्नो अघिको दशामा फर्के।

जुन मानिसहरूको विषयमा पत्रुसले यहाँ कुरा गरेका छन्, ती मानिसहरूको हालत ठीक यस्तै हुनेछ। तिनीहरूको जीवनमा नैतिक हिसाबले केही हदसम्म सुधार त आयो, तर तिनीहरूले कहिल्यै एउटा नयाँ स्वभाव पाएनन्। अनि मत्ती १२:४३-४५ पदको भाषामा भन्नु हो भने, तिनीहरूको घर रित्तो, बढ़ारिएको र सजाइएको थियो, तर तिनीहरूले मुक्तिदाता प्रभुलाई त्यहाँ वास गर्न कहिल्यै निम्त्याएनन्। जुन दुष्ट आत्मालाई त्यस घरबाट निकालियो, त्यस दुष्ट आत्माले अरू सातवटा आत्माहरू लिएर आउँछन्, जुन आत्माहरू त्योभन्दा अझै दुष्ट छन्; अनि तिनीहरूले त्यो रित्तो घर ओगट्न थाल्छन्। अनि त्यस घरको पछिल्लो दशा त्यसको पहिलो दशाभन्दा खराब भएछ।

यो खण्ड लिएर साँचो विश्वासीहरू अनुग्रहबाट पतित भएर नाश हुनेछन् भने शिक्षा सिकाउनुहुँदैन। किनभने यस खण्डमा चर्चा गरिएका यी मानिसहरूले एउटा नयाँ स्वभाव पाएका थिएनन्। आफ्नो पछिल्लो दशाबाट तिनीहरूले यो देखाउँछन्, कि तिनीहरू अझै पनि अशुद्ध, अझै पनि पापी मानिसहरू हुन्। यसकारण यस खण्डबाट सिक्नुपर्ने पाठ यस प्रकारको छः जबसम्म एकजना मानिसको नयाँ जन्म भएन र उसमा नयाँ स्वभाव आएन, तबसम्म त्यस मानिसमा आएको सुधार पर्याप्त हुँदैन। अनि मानिसले परमेश्वरको सामु आफ्ना पापहरूको विषयमा पश्चात्ताप गरेर प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेर नयाँ जन्म पाउँछ।

## घ) २ पत्रुस ३ः१-१८ः अन्दिम दिनहरूमा गिल्ला गर्नेहरू खड़ा हुनेछन् भन्ने भविष्यवाणी

**२ पत्रुस ३ः१ः** यस पत्रको दुई अध्यायमा झूटा शिक्षकहरू यसको विषयवस्तु थिए भने अबचाहिँ पत्रुसको ध्यान अन्तिम दिनहरूमा खड़ा हुने गिल्ला गर्नेहरूमाथि पर्न जान्छ। आफ्नो पहिलो पत्रमा गरेझैं तिनले यहाँ पनि पहिले आफ्ना पाठकहरूलाई पवित्र धर्मशास्त्र बाइबलमा लीन रहने आग्रह गर्छन्।

**२ पत्रुस ३ः२ः** उनीहरूले पुरानो नियममा लेखिएका पवित्र भविष्यवक्ताहरूका वाणीहरू सम्झनुपर्छ, साथै उनीहरूले प्रभु येशूको शिक्षामा पनि ध्यान दिनुपर्छ, जुन शिक्षा प्रभुका प्रेरितहरूद्वारा उनीहरूकहाँ आएको थियो र हालैमा नयाँ नियमको पुस्तकमा सुरक्षित राखिएका छन्। आत्मिक हिसाबले अवनति र दुर्गतिका दिनहरूमा एकमात्र रक्षक पवित्र बाइबल मात्र हुन्छ; हाम्रो सुरक्षा बाइबलमा छ।

**२ पत्रुस ३ः३ः** भविष्यवक्ताहरू र प्रभुका प्रेरितहरूको गवाही मिल्छ र एउटै होः अन्तिम दिनहरूमा गिल्ला गर्नेहरू उठ्नेछन्, जो आफ्नै अभिलाषाहरूअनुसार चल्छन्। ख्रीष्ट-विश्वासीहरूले यो बिर्सनुहुँदैन, तर सधैं याद गर्नुपर्छ। ती अहङ्कारी र निन्दा गर्ने मानिसहरूका अस्वीकाररूपी

अपशब्दहरू सुनेर उनीहरू पछि सर्नु र पछारिनुहुँदैन। तर उनीहरूले ती गिल्ला गर्नेहरूलाई 'हेर, यस युगको अन्त आइसक्यो' भन्ने सुस्पष्ट सङ्केतको रूपमा लिनुपर्छ।

ती गिल्ला गर्नेहरू आफ्ना अभिलाषाहरूको पछि-पछि लाग्छन्। तिनीहरूले परमेश्वरको ज्ञान रद्द गरे; यसकारण तिनीहरू कुनै डर वा भय नमानी निर्धक्कसाथ आफ्ना कुइच्छाहरू पूरा गर्छन्। आउन लागेको न्यायको कुनै वास्ता नगरी तिनीहरूले पाप गर्न आफूलाई पूरा छुट दिन्छन्।

**२ पत्रुस ३ः४ः** यी गिल्ला गर्नेहरूले प्रायः ख्रीष्टको दोस्रो आगमनको खिल्ली उड़ाउँछन्। *'खै, उहाँको आगमनको प्रतिज्ञा कहाँ गयो?'* अर्थात् 'उहाँको प्रतिज्ञा पूरा भएको खोइ?' तर यी मानिसहरूले उहाँको आगमनको विषयमा के जान्दछन्?

**क)** ख्रीष्ट येशू आफ्ना पवित्र जनहरूका निम्ति आउने क्षणको विषयमा यी मानिसहरूले के जान्दछन् र? होइन, यी गिल्ला गर्नेहरूसँग प्रभुको दोस्रो आगमनको यस पहिलो भागको विषयमा केही पनि जान्दैनन् होलान् (१ थेस्सलोनिकी ४ः१३-१८)।

**ख)** तब के यिनीहरूले उहाँको महिमित आगमनको कुरा गरे त, जब उहाँ आफ्ना पवित्र जनहरूको साथमा आउनुहुनेछ, र उहाँले यस पृथ्वीमाथि आफ्नो विश्वव्यापी राज्य स्थापित गर्नुहुनेछ? (१ थेस्सलोनिकी ३ः१३)। हुन सक्छ, यिनीहरूले यो कुरा सम्झेको हुनु सम्भव देखिन्छ।

**ग)** तर यस खण्डको बाँकी भागमाथि नजर राखेर हामीलाई के लाग्छ भने, यी गिल्ला गर्नेहरूले परमेश्वरको अन्तिम न्यायको विषयमा कुरा गरेको हुनुपर्छ। त्यस न्यायको अर्को चल्ती नाम 'संसारको अन्त' हो। तिनीहरूले 'खोइ, प्रभुको आगमन' भनेर त्यो विनाश सम्झेको हुनुपर्छ, जब हजार वर्षको राज्यको अन्तमा आकाश र पृथ्वी आगोद्वारा नाश हुनेछन्।

यिनीहरूले भन्न खोजेको यो होः 'हे इसाईहरूहो, तिमीहरूले हामीलाई कहिलेसम्म "परमेश्वर मानव-इतिहासमाथि हस्तक्षेप गर्नुहुन्छ" भनेर यस संसारमाथि आउन लागेको डरलाग्दो न्यायको विषयमा चेतावनीहरू दिन्छौ। तिमीहरूको भनाइअनुसार उहाँले दुष्ट मानिसहरूको न्याय गर्नुहुन्छ, तिनीहरूलाई सजाय दिनुहुन्छ र पृथ्वीदेखि नष्ट गर्नुहुन्छ अरे। तर यो सब व्यर्थको कुरा हो। हामीलाई केको डर? हामी आफ्नो खुशी गर्छौं-गर्छौं। परमेश्वरले मानव-इतिहासमा हस्तक्षेप गर्नुभएको प्रमाण खोइ, कहाँ छ? त्यसको प्रमाण छैन भने भविष्यमा उहाँले कतै हस्तक्षेप गर्नुहुनेछ भन्ने कुरा हामी विश्वास किन गरौं त?'

*'पितापुर्खाहरू मरेको समयदेखि सबै कुराहरू सृष्टिको शुरुबाट जस्ता थिए, त्यस्तै चलिरहेका छन्'* भन्ने निष्कर्ष यिनीहरूको बेहोशी अड्कलको फल थियो। यी मानिसहरूको तर्क यस प्रकारको छः 'सबै कुराहरू समान रूपले लागू हुने प्राकृतिक नियमहरूअनुसार चल्छन्; यसमा कुनै अलौकिक हस्तक्षेप छँदैछैन; हरेक कुराको निम्ति लौकिक स्पस्टीकरण पाइन्छ।'

यी मानिसहरू एकरूपतावादी हुन्। एकरूपतावाद के हो? प्रकृतिका क्रिया-प्रतिक्रियाहरू त्यसका निरन्तर एकनास भइरहने नियमहरूको फल हुन्। बितेका समयहरूमा ती क्रिया-प्रतिक्रियाहरू जेजस्तै थिए, आज पनि ती क्रिया-प्रतिक्रियाहरू त्यस्तै छन्। अनि भइरहेका परिवर्तनहरू जति छन्, ती परिवर्तनहरूको मूलकारण यी एकनास भइरहने प्रकृतिका नियमहरूमा खोज्नुपर्छ।

एकरूपतावाद र विकासवादको बीचमा नजिकको सम्बन्ध रहेछ। सबै वातावरणहरूको एकरूपताचाहिँ अस्तित्वमा पहिले भएका सूक्ष्म जीवाणु-हरूबाट सबै जीवहरूको क्रमिक विकास भएको सिद्धान्तको माग हो। तर यस पृथ्वीमाथि त्यसका नियमहरू उथलपुथल पार्ने जलप्रलय, भूकम्प र प्रोत्थानहरू आदि महापरिवर्तन र महाविपत्तिहरू भएदेखि ती महापरिवर्तन र महाविपत्तिहरूद्वारा डार्विनको यस विकासवादका कति पूर्वधारणाहरू पूरा हल्लिँदा रहेछन्।

**२ पत्रुस ३ः५ः** यी गिल्ला गर्ने मानिसहरूले जानी-जानी जलप्रलयको तथ्य इन्कार गर्छन्। किनभने परमेश्वरले एक सयममा मानिसहरूको जनजीवनमाथि हस्तक्षेप गर्नुभएको थियो। अनि त्यस बेलामा उहाँले दुष्ट मानिसहरूलाई सजाय दिनुभयो। अनि जुन कुरा एक पल्ट भएको थियो, त्यो कुरा दोस्रो पल्ट पनि हुन सक्छ।

यी मानिसहरूलाई निरुत्तर पार्ने दोष यसैमा छः यिनीहरू कुरा जानीकन-बुझीकन त्यसमा अनजान रहन चाहन्छन्। यिनीहरूले आफ्नो ज्ञानमा गर्व गर्छन्। यिनीहरूले आफ्नो तर्कमा निष्पक्षसाथ आफ्नो राय पेश गरेको दाबी गर्छन्। यिनीहरूले वैज्ञानिक परीक्षण गर्ने प्रणालीहरू अपनाएका छौं भन्छन्। तर वास्तवमा यिनीहरूले जलप्रलयजस्तै सुप्रमाणित भएको यो ऐतिहासिक घटना अदेख गर्छन्। यिनीहरूले फेरि एकपल्ट भूगोल पढ्नुपर्ला।

*'किनकि तिनीहरू यस कुराको विषयमा अनजान रहन चाहन्छन्, कि परमेश्वरको वचनद्वारा उहिलेका आकाशहरू भए र पृथ्वी भयो, जुन पृथ्वीचाहिँ पानीबाट बनेको र पानीद्वारा रहिरहेको थियो, त्यस पानीद्वारा नष्ट भयो।'* आकाश र पृथ्वी परमेश्वरको वचनद्वारा सृष्टि भए। उहाँले बोल्नुभयो, र ती सृजिए (हिब्रू ११ः३)। अनि पत्रुसको शब्दअनुसार पृथ्वीचाहिँ पानीबाट बनेको र पानीद्वारा रहिरहेको थियो। पत्रुसको यस वाक्यको सम्पूर्ण अर्थ हामी पूरा बुझेको दाबी गर्दैनौं। तर हामी जान्दछौं, कि उत्पत्ति १ः२ पदअनुसार एक समयमा पृथ्वीको सतहचाहिँ पानी नै पानी भएको थियो। त्यसपछि उत्पत्ति १ः६ पदमा हामीले के पढ्छौं भने, परमेश्वरले आकाशको पानी र पृथ्वीको पानीको बीचमा एउटा अन्तर लगाउनुभयो। आकाशको पानी भन्नाले त्यस बेलाको पृथ्वीको वरिपरि भएको बादलमण्डल बुझिन्छ। हाम्रो बुझाइअनुसार, पृथ्वीको वरिपरि भएको यस बाक्लो बादलमण्डलरूपी जीवनको निम्ति अहित हुने वातावरणमा मानिस र जनावरहरू जिउनु असम्भव थियो। यसकारण एउटा अन्तररूपी वायुमण्डल चाहिएको थियो, जुन वायुमण्डलमा हामीले सास फेर्न सक्छौं। अनि उत्पत्ति १ः९ पदमा आएर हामी के पढ्छौं भने,

समुद्ररूपी सागरहरू र महादेशरूपी भूमि छुट्टिए। अनि हुन सक्छ, पृथ्वी पानीबाट बनेको कुराले चाहिँ पृथ्वी पानीमाथि स्थापित भएको अर्थ पनि लिन सक्ला (भजन २४:२)।

पत्रुसले व्यक्त गरेको तथ्यबाट वैज्ञानिकहरूले जस्तो किसिमको अर्थ लगाइदिऊन्, हाम्रो निम्ति कुरा स्पष्ट छः पृथ्वी पानीले भरिएको र मेघले ढाकिएको जगत् हो। पृथ्वीको सतहका चार भागका तीन भागहरूमा पानी छ। अनि त्यसका बाँकी रहेका भागहरू प्रायः कुहिरो र बादलहरूले ढाकिएका छन्। हाम्रो बुझाइअनुसार पृथ्वी मात्र पानी भएको ग्रह हो। अनि यस पानी नै पानी भएको ग्रहमा मात्र मानिस जिउन सक्छ।

**२ पत्रुस ३:६ः** पृथ्वी त्यसको उत्पत्तिदेखि आफ्नो विनाशको निम्ति चाहिएका सामानहरू राख्ने भण्डार थियो; किनकि त्यसको जमिनका गहिरा-गहिरा ठाउँहरूमा, त्यसका सागरहरूमा र त्यसको आकाशमा भएका बादलहरूमा पानी थियो। अनि अन्तमा परमेश्वरले ती माथि र तलका ठाउँहरूबाट तिनको जम्मा पानी छोड्नुभयो (उत्पत्ति ७:११)। जम्मै धरती पानीले चुर्लुम्भ डुब्यो; अनि नूहको पानीजहाजदेखि बाहिर भएका सबै प्राणीहरू नष्ट भए।

बाइबलमा झूटो आरोप लाउनेहरूले आफ्नो राजीखुशीले इतिहासको यस तथ्यको उपेक्षा गर्छन्। यस सम्बन्धमा चाखलाग्दो कुरा के हो भने, हिजोआजचाहिँ जलप्रलयमाथि तिक्त हामलारूपी आरोपहरू लगाइन्छन्; अनि जलप्रलयचाहिँ झूटा आपरोपहरूको निशान बनेको छ। तर प्रस्तर-पत्थरमा लेखिएको यो तथ्य, पौराणिक जातिहरू र भर्खरै अस्तित्वमा आएका जातिहरूका परम्पराहरूमा गवाही भएको यो तथ्य, अँ, परमेश्वरको पवित्र वचनमा सबैभन्दा बलियो साक्षी पाएको यो सुदृढ़ तथ्य सधैंका निम्ति खड़ा रहन्छ।

**२ पत्रुस ३:७ः** जुन बेलामा परमेश्वरले यो पृथ्वी सृष्टि गर्नुभयो, त्यस बेलामा उहाँले पृथ्वी त्यसलाई नाश गर्ने सक्ने प्रशस्त पानीसहित रच्नुभयो। ठीक यस प्रकारले परमेश्वरले आकाश र पृथ्वीमा तिनलाई नष्ट गर्न सक्ने प्रशस्त आगो पनि हालिदिनुभयो।

अणु र परमाणु-अस्त्रको यस युगमा अणुहरूभित्र साँचिराखिएको ऊर्जा रहेछ भन्ने कुरा छर्लङ्ग बुझिएको हुन्छ। परमाणविक केन्द्र फुट्नाले त्यसको विस्फोटनबाट प्रचुर मात्रामा ऊर्जा निस्किन्छ। यसकारण तपाईं बुझिराख्नुहोस्, कि यस संसारका सबै भौतिक तत्त्वहरूभित्र भयाङ्कर विस्फोटक शक्ति रहेको हुन्छ। हालैसम्म सबै कुराहरू प्रभुद्वारा स्थिर रहन्छन् (कलस्सी १:१७)। उहाँको थामिराख्ने हात हटेपछि सबै तत्त्वहरू बिल्नेछन्। त्यस दिनसम्म *'अहिलेका आकाश र पृथ्वीचाहिँ न्यायको दिन र भक्तिहीन मानिसहरूको विनाशको लागि जोहो गरिएर आगोको निम्ति साँचेर राखिएका छन्।'*

**२ पत्रुस ३:८:** परमेश्वरको न्याय किन ढिलो भएको छ? यसको निम्ति निम्न कारणहरू छन्, जस्तैः

**क)** परमेश्वरको निम्ति समय नै हुँदैन। उहाँ समय-चक्रदेखि बाहिर हुनुहुन्छ। हामी पो समयचक्रभित्र जिइरहेका छौं। समय कसरी नापिन्छ त? यो त सूर्य र पृथ्वीको बीचको सम्बन्धमा स्थापित भएको एउटा नाप हो। अनि यस प्रकारको सम्बन्धदेखि परमेश्वर सदैव बाहिर रहिरहनुहुन्छ।

**ख)** *'प्रभुका निम्ति एक दिन हजार वर्षहरूजस्तो हुन्छ, र हजार वर्षहरू एक दिनजस्तो हुन्छन्।'* उहाँले चाहनुभयो भने, उहाँले एक दिन हजार वर्षसम्म लामो पार्न सक्नुहुन्छ र हजार वर्षहरू संक्षिप्त गरेर एक दिनमा परिणत गर्न सक्नुहुन्छ। उहाँले आफ्ना कार्यहरूको समय लम्ब्याउन वा घटाउन सक्नुहुन्छ।

**२ पत्रुस ३:९:** परमेश्वरको कबुल जारी रहन्छः उहाँले भक्तिहीन मानिसहरूलाई न्याय गरेर तिनीहरूको अन्त गर्नुहुनेछ। यस कुरामा ढिलाइ छ भने, परमेश्वरको विश्वासयोग्यतामाथि यसको प्रश्न उठ्दैन। उहाँको प्रतिज्ञा सुदृढ़ छ; तर उहाँले धीरज धर्नुभएको छ। कोही पनि नाश भएको उहाँ चाहनुहुन्न। सबै मानिसहरूले पश्चात्ताप गरेको उहाँको इच्छा हो।

यसकारण उहाँले अनुग्रहको समय बढ़ाउनुभएको छ। किनभने सबै मानिसहरूले मुक्ति पाउने मौका पाउनुपर्छ।

यशैया ६१:२ पदमा हामीले परमप्रभुको ग्रहणयोग्य वर्ष र उहाँको बदला हुने दिनको कुरा पढ्छौं। यसबाट के बुझिन्छ भने, मानिसहरूलाई दया देखाउन उहाँलाई मन परेको छ, तर तिनीहरूको न्याय गर्नु उहाँको निम्ति एउटा अनौठो काम हो (यशैया २८:२१)। यसकारण उहाँले आफ्नो सहनशीलता अझै पनि एक हजार वर्ष बढ़ाउन सक्नुहुन्छ र उहाँका न्यायहरू एकै दिनमा समाप्त गर्न र फत्ते पार्न सक्नुहुन्छ।

जलप्रलय ल्याउनलाई उहाँले एक सय बीस वर्ष पर्खनुभयो। अनि हालैमा उहाँले संसारलाई आगोद्वारा नष्ट पार्न केही हजार वर्षहरू पर्खनुभयो। यसमा गल्ती के पो छ र?

**२ पत्रुस ३:१०:** तर प्रभुको दिनचाहिँ आउने नै छ। प्रभुको दिन भन्नाले परमेश्वरको न्याय गर्ने समय बुझ्नुपर्छ। पुरानो नियममा 'प्रभुको दिन' भनेर विभिन्न समयहरूलाई सङ्केत गरिएको छ, जुन-जुन समयमा परमेश्वरले दुष्ट मानिसहरूलाई सजाय दिनुभयो, र उहाँ आफ्ना शत्रुहरू-माथि विजयी हुनुभयो (यशैया २:१२ र १३:६ र ९; इजकिएल १३:५ र ३०:३ अनि योएल १:१५, २:१, ११ र ३१ अनि योएल ३:१४; अनि आमोस ५:१८ र २०; ओबद्याह १:१५; सपन्याह १:६ र १४; जकरिया १४:१; मलाकी ४:५)।

अनि नयाँ नियममा 'प्रभुको दिन' नामक न्यायको समयमा निम्न घटनाका क्रमहरू समावेश हुन्छन्:

**क)** प्रभुको दिनले सङ्कष्टकाललाई सङ्केत गर्छ। सङ्कष्टकालको अवधि सात वर्ष हुनेछ। त्यस अवधिभित्र परमेश्वरले विश्वास नगर्ने इस्राएली जातिको न्याय गर्नुहुनेछ (१ थेस्सलोनिकी ५:२; २ थेस्सलोनिकी २:२)।

**ख)** प्रभुको दिनअन्तर्गत त्यो घड़ि पनि पर्न जान्छ, जुन घड़िमा प्रभु येशू यस पृथ्वीमा फर्केर आउनुहुनेछ; अनि त्यस बेलामा उहाँले

परमेश्वरलाई नचिन्ने र प्रभु येशूको सुसमाचार विश्वासको आज्ञापालन नगर्ने मानिसहरूलाई बदला लिनुहुनेछ (२ थेस्सलोनिकी १:७-१०)।

**ग)** प्रभु येशूको हजार वर्षको राज्य प्रभुको दिनको नामले चिनिएको छ; त्यस बेलामा ख्रीष्ट येशूले फलामे राजदण्ड लिएर सारा संसारमाथि शासन गर्नुहुनेछ (प्रेरित २:२०)।

**घ)** प्रभुको दिनको सन्दर्भ त्यो अन्तिम विनाश पनि हो, जब आगोद्वारा आकाश र पृथ्वीको सर्वनाश हुनेछ। तीन अध्यायमा प्रभुको दिनको अर्थ यही हो।

प्रभुको दिन राति चोर आएझैं आउनेछ। नसोचिएको बेलामा विनाश मानिसहरूमाथि आइपर्नेछ। आकाश बितिजानेछ। आकाश भन्नाले वायुमण्डल र तारामण्डल बुझिन्छ, तर स्वर्ग बुझ्नुहुँदैन, किनभने स्वर्ग परमेश्वरको अनन्त वासस्थान हो। तब हाम्रो कान खाने विस्फोटन हुनेछ, र वायुमण्डल र तारामण्डलरूपी आकाशहरू बितिजानेछन्। तत्त्वहरू प्रचण्ड तापले गर्दा पग्लनेछन्। तत्त्वहरू भन्नाले भौतिक जड़वस्तु बुझिन्छ। विश्वमण्डलका सबै तत्त्वहरू नष्ट हुनेछन्। यो एक विश्व-व्यापी परमाणविक अग्नि-काण्डरूपी सत्यानाश हुनेछ।

'पृथ्वी र त्यसमा भएका कामहरू जलेर शेष हुनेछन्।'[21] प्रकृतिका सृष्टि गरिएका सबै थोकहरू मात्र होइन, तर सारा मानव-संस्कृति भनिने सबका सब नष्ट हुनेछ। संसारका राजधानी शहरहरू सम्झनुहोस्! तिनका भव्यभन्दा भव्य भवनहरू, अनि विज्ञानको मद्दतले आविष्कार गरिएका नयाँ-नयाँ अद्भुत उत्पादनहरू सम्झनुहोस्, यी सबका सब खतम र शेष हुनेछन्।

**२ पत्रुस ३:११:** तर अब पत्रुसले गिल्ला गर्ने मानिसहरूलाई आफ्नो पिठ्यूको पछाड़ि छोड़ेर पवित्र जनहरूपट्टि आफ्नो मुख फर्काउँछन्। यसको सिलसिलामा उनीहरूका कर्तव्यहरू के-के हुन्, सो कुरा तिनले यहाँ प्रस्तुत गर्छन्। *'जब यी सबै कुराहरू पग्लनेछन्, तब तिमीहरू सम्पूर्ण*

*पवित्र चाल र भक्तिमा कस्तो किसिमका मानिसहरू हुनुपर्छ त?'* सबै भौतिक कुराहरू विनाशको निम्ति सुम्पिएका छन्। जुन कुराहरूको विषयमा मानिसहरूले घमण्ड गर्छन् र जुन कुराहरूको निम्ति मानिसहरू जिउँछन्, ती जम्मै कुराहरू बितिजाने कुराहरू हुन्। भौतिक कुराहरूका निम्ति जिउने मानिस अस्थायी कुराहरूका निम्ति जिउँछ। आफ्नो हृदयमा हात राख्नुहोस्! यहाँ विवेकको सवाल छः यस संसारका झिलिमिली वस्तु र त्यसका खेलौनाहरू मानिनुपर्ने थोकहरूदेखि आफ्नो मुख फर्काउनुहोस्, अनि पवित्रता र भक्तिले पूर्ण जीवन जिउनुहोस्! यहाँको कुरा बुझ्नु सजिलो छः हामी क्षणिक कुराहरूको निम्ति नभएर अनन्त-अनन्तसम्म रहिरहने कुराहरूको निम्ति जिउनुपर्छ। हामीले भौतिक कुरा-हरूमा होइन, तर आत्मिक कुराहरूमाथि आफ्नो जोड़ र ध्यान दिनुपर्छ। हामीले अस्थायी सम्पत्ति होइन, तर स्थायी धन खोज्नुपर्छ।

**२ पत्रुस ३ः१२ः** ख्रीष्ट-विश्वासीहरू बाटो हेर्ने आशामुखी मानिसहरू हुनुपर्छ। उनीहरूले परमेश्वरको दिनको आगमनको बाटो हेर्दै जिउनुपर्छ र त्यस दिनको उत्कट इच्छा गर्नुपर्छ। *'त्यस दिनका निम्ति हतारिँदै'* भन्ने शब्दले हामीलाई के सिकाउँछ भने, हामीले भक्तिले पूर्ण जीवन जिएर र अथक सेवा गरेर प्रभुको आगमनका निम्ति हतारिनुपर्छ। तर यस प्रकारको शिक्षासित दुईवटा समस्या देखा परेका छन्ः एक, प्रभु येशूको आगमन र परमेश्वरको दिन एउटै कुरा होइन। अनि दुई, प्रभुका जनहरूको जोशले पूर्ण जीवनले ख्रीष्ट येशूको आगमनको समय छिटो पार्न सक्छ जस्तो हामीलाई लाग्दैन।

परमेश्वरको दिन भन्नाले हामीले अनन्तकालको समय बुझ्नुपर्छ। २ पत्रुस ३ः१० पदको टिप्पणी अन्तरगत हामीले प्रभुको दिनको व्याख्यान गरेका छौं। यसमा बुँदा घ)मा बताइएको प्रभुको अन्तिम सत्यानाशपछि परमेश्वरको दिन पो शुरु हुन्छ। परमेश्वरको दिनचाहिँ उहाँको परिपूर्ण, अन्तिम विजयको दिन हो। यही कारणले हामीले त्यस दिनको बाटो हेर्नुपर्छ र त्यसका निम्ति हतारिनुपर्छ।

'परमेश्वरको दिन' भनेर पत्रुसले के भनेका छन्, सो कुरामाथि हामीले ध्यान दिनुपर्छ। ***'जुन दिनमा*** *आकाशहरू आगो लागेर बिल्नेछन् र प्रचण्ड तापले गर्दा तत्त्वहरू पग्लनेछन्'* भनेर अनुवाद गरिएको वाक्य खास गरी 'जुन दिनमा' होइन, तर '***यस दिनको खातिर*** आकाशहरू आगो लागेर बिल्नेछन्' हुनुपर्नेथियो। किनभने परमेश्वरको दिन त्यो समय होइन, जुन समयमा त्यो अन्तिम विनाश पूरा हुनेछ। यहाँ, यसरी अनुवाद गरिएको वाक्यको अर्थ उल्टो भएछ। किनभने परमेश्वरको दिन आउनुभन्दा अगाड़ि त्यो अन्तिम न्याय पूरा भएको हुनुपर्छ।

**२ पत्रुस ३ः१३ः** बाह्र पदमा ख्रीष्ट-विश्वासीहरूलाई आग्रह गरिएको छः उनीहरूले परमेश्वरको दिनको बाटो हेरेर जिउनुपर्छ। अनि यहाँ, यस पदमा भनिएको छ, कि उनीहरूले नयाँ आकाश र नयाँ पृथ्वीको बाटो हेर्नुपर्छ, जसमा धार्मिकताले वास गर्नेछ। परमेश्वरको दिन आनन्तकालको समय हो भन्ने धारणाले यहाँ बताइएको कुराबाट पुष्टि पाउँछ; किनभने नयाँ आकाश र नयाँ पृथ्वीको अवस्थाचाहिँ अनन्तकाल हो।

यशैया ६५ः१७ र ६६ः२२ पदहरूमा पनि नयाँ आकाश र नयाँ पृथ्वीको कुरा लेखिएको छ। तर यी खण्डहरूमा नयाँ आकाश र नयाँ पृथ्वी भएको स्थितिमा दुईवटा कुराहरू समावेश गरिएका हुन्छन्ः हजार वर्षको राज्य र अनन्तकाल। यी खण्डहरूमा हजार वर्षको कुरा समावेश गरिएको कसरी जान्ने ? किनभने यशैया ६५ः२० र ६५ः२३ पदअनुसार त्यस नयाँ अवस्थामा मानिसहरूले पाप गर्न सक्दा रहेछन् र छोराछोरीहरू जन्मिँदा रहेछन्। तर पत्रुसले यी पदहरू अनन्तकालको अर्थमा सीमित राख्छन्। हालैमा भइरहेको आकाश र वर्तमान पृथ्वी अनन्तकालको अघि बितिसक्नेछन्।

नयाँ आकाश र नयाँ पृथ्वीमा धार्मिकताले वास गर्नेछ। वर्तमान समयमा परमेश्वरको अनुग्रहले धार्मिकताद्वारा राज्य गरेको छ (रोमी ५ः२१); अनि हजार वर्षको राज्यमा धार्मिकताले राज्य गर्नेछ (यशैया ३२ः१)। तर अनन्तकालमा धार्मिकताले राज्य गर्ने होइन, तर वास पो गर्नेछ। हजार वर्षको राज्यमा ख्रीष्ट येशूले फलामे राजदण्ड लिएर राज्य

गर्नुहुनेछ र बल लगाएरै पृथ्वीका मानिसहरूको बीचमा धार्मिकता लागू गराउनुहुनेछ। अनि यही अर्थमा त्यस बेलामा धार्मिकताले राज्य गर्नेछ। तर अनन्तकालमा फलामे राजदण्डको निम्ति कुनै काम हुनेछैन नै। किनभने त्यसमा धार्मिकताले आफ्नो स्थायी वासस्थान पाउनेछ। कुनै पनि पापले त्यसको शान्ति कहिल्यै भङ्ग गर्नेछैन र त्यसको वातावरणको सुन्दर दृश्यको शोभा कहिल्यै बिगार्नेछैन।

**२ पत्रुस ३:१४:** नयाँ आकाश र नयाँ पृथ्वीको तथ्यले हामीमा प्रभुका निम्ति पवित्र जीवन जिउने उत्कट इच्छा बढ़ाउनुपर्छ। हामीले कुनै सत्यता बुझेको मात्र पुग्दैन, तर पवित्र बाइबलको सत्यताले हामीलाई आफ्नो पक्राउमा पार्नुपर्छ। अब चाँड़ै हामी परमेश्वरको सामु उभिनुपर्छ। यसो हो भने उहाँले हामीलाई निष्कलङ्क र निर्दोष, नैतिक शुद्ध अवस्थामा भेट्टाऊन् भन्ने हाम्रो इच्छा जाग्नुपर्छ। त्यस दिनमा उहाँले हामीलाई आपसमा मेल-मिलापमा बसेको र कसैसँग झड़गा नगरेको अवस्थामा भेटाउनुपर्छ भन्ने जोश र उमङ्ग हामीमा हुनुपर्छ।

**२ पत्रुस ३:१५:** *'अनि हाम्रा प्रभुको धीरजचाहिँ मुक्ति भएको सम्झ।'* यसर्थ न्याय गर्नुमा उहाँको ढिलोपना र सुस्ती गर्ने कारण हामीले 'मानिसहरूले मुक्ति पाउने मौका पाऊन्' भन्ने उहाँको स्वतन्त्र इच्छामा खोज्नुपर्छ। मानिसहरूको दुष्टता चारैतिर बढ़ेको देखेर हामीलाई 'प्रभुले तिनीहरूलाई कहिलेसम्म सहनुहुन्छ र कहाँसम्म यो सहन सक्नुहुन्छ होला' भन्ने खुलदुली लाग्छ। उहाँको सहनशीलता अचम्मको छ, अपार छ। उहाँको सहनशीलताको एउटै कारण छः उहाँ दुष्ट मानिसहरूको मृत्युमा खुशी हुनुहुन्न, तिनीहरूको विनाशको चाहना गर्नुहुन्न। उहाँमा मानिसहरूले आ-आफ्ना दुष्ट चालहरूबाट कहिले फर्कून् र कहिले मुक्ति पाऊन् भन्ने तीव्र चाहना छ।

*'जसरी हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धिअनुसार तिमीहरूलाई लेखेका छन्।'* पत्रुसले पावलको सन्दर्भमा लेखेको यस वाक्यबाट निम्न चाखलाग्दा बुँदाहरू निस्कन्छन्ः

**क)** पहिले, पत्रुसले यहाँ पावललाई 'हाम्रा प्रिय भाइ' भन्छन्। तर यही पावलले तिनलाई तिनको कपटले गर्दा एन्टिओकमा खुल्लमखुल्ला हप्काएका थिए (गलाती २:११-२१)। यसबाट के बुझिन्छ भने, विनम्र भई तिनले पावलको यो हप्की स्वीकार गरेको हुनुपर्छ। कुनै वैरभाव नराखी हामी सबैजनाले पनि सुधारको निम्ति हामीलाई दिइएको हप्कीहरू स्वीकार गर्न सक्नुपर्छ।

**ख)** प्रेरित पावलले आफ्ना पत्रहरू लेख्दा उनलाई यी पत्रहरू लेख्ने ईश्वरीय बुद्धि दिइएको थियो। पत्रुसले यो मान्छन्। पावलका लेखहरू परमेश्वरको प्रेरणाको फल हुन् भन्ने सङ्केत निश्चित यस भनाइको अर्थ हो।

**ग)** पत्रुसको पत्रका प्रापकहरूले पावलबाट पनि कम्तीमा एक-दुईवटा पत्र पाएका हुनुपर्छ। हुन सक्छ, यिनीहरू पावलका पत्रहरूका प्रापक थिए; हुन सक्छ, यिनीहरूको क्षेत्रमा पावलका केही पत्रहरूका प्रतिहरू वितरण गरिएका थिए।

हाम्रा प्रभुको धीरजचाहिँ कसैको मुक्ति हुने माध्यम हो भन्ने कुरा पावलका पत्रहरूमध्ये कुनचाहिँ पत्रमा लेखिएको पाइन्छ? रोमी २:४ पदमा यसो लेखिएको छः *'अथवा के परमेश्वरको दयाले तिमीलाई पश्चात्तापतिर डोऱ्याउँछ, यो नजानीकन के तिमी उहाँको कृपा, सहनशीलता र धीरजरूपी धनलाई तुच्छ ठान्छौ?'*

**२ पत्रुस ३:१६:** *'आफ्ना सबै पत्रहरूमा पनि उनले यी कुराहरूको चर्चा गरेका छन्।'* जुन महान् सत्यताहरू पत्रुसले आफ्ना यी दुईवटा पत्रहरूमा प्रस्तुत गरेका छन्, यी महान् सत्यताहरू पावलका पत्रहरूका पनि मुख्य विषयवस्तुहरू भएका रहेछन्, जस्तैः नयाँ जन्म, ख्रीष्ट येशूको परमेश्वरत्व, उहाँको पापरहित जीवनमाथि आइपरेका दुःखकष्टहरू, हाम्रो स्थानमा भएको उहाँको त्राणात्मक मृत्यु, उहाँको बौरिउठाइ, उहाँको स्वर्गारोहण, उहाँको दोस्रो आगमन, प्रभुको दिन र अनन्तकाल।

*'जसमा कुनै-कुनै कुरा बुझ्न कठिन छन् ।'* बाइबलका सबै तथ्यहरू बुझ्नलाई सजिलो हुँदैनन् । कति कुरा बुझ्न गाह्रो पर्छ, जस्तै परमेश्वरको त्रिएकता, परमेश्वरको चुनाव र मानिसको स्वतन्त्र इच्छा, दुःखभोगाइमा लुकेको रहस्य आदि । यस कुराले हामीलाई विचलित पार्नुहुँदैन । पवित्र बाइबलमा हाम्रो दिमागदेखि बाहिरका कुराहरू छँदैछन्; किनभने परमेश्वरको वचन अगम्य र अपार छ । अनि परमेश्वरको वचनको अध्ययन गर्दाखेरि हामीले त्यसमा आफूले कहिल्यै नजान्ने कुराहरू लेखिएका छन् भन्ने कुरा मान्नुपर्छ र हामीले नजानेका सबै कुराहरू परमेश्वर जान्नुहुन्छ भनेर उहाँलाई यसका निम्ति श्रेय दिनुपर्छ ।

पावलका पत्रहरूमा कुनै-कुनै कुरा बुझ्न कठिन छन् भनेर पत्रुसले पावलका पत्रहरू आलोचना गरेको सम्झनुहुँदैन । पावलको लेख्ने शैली होइन, तर उनले लेखेका कतिपय विषयहरू पो बुझ्न कठिन रहेछन् । यस विषयमा श्री अल्बर्ट बार्नसले यसो लेखेका छन्ः

> 'पावलका पत्रहरूको विषयमा पत्रुसले गरेको टिप्पणीको तत्पार्य यस प्रकारको छः पावलले भन्न खोजेका कुराहरू बुझ्न कठिन होइनन्, तर उनले आफ्ना पत्रहरूमा सिकाएका महान् सत्यताहरू यति गहन, यति गहिरा छन्, कि हामीले यी तथ्यहरूको मतलब पूरा रूपले बुझ्न सकेका छैनौं ।' [22)]

खाँटी शिक्षाप्राप्त नभएका अस्थिर मानिसहरूले यी कठिन तथ्यहरू आफ्नो विनाशका निम्ति टेढ़ामेढ़ा पार्दा रहेछन्, जब यी बुझ्न कठिन भएका सत्यताहरू तिनीहरूले विश्वासद्वारा ग्रहण गर्नुपर्नेथियो । केही झूटा झुण्डकाहरूले मोशाको व्यवस्थामा मुक्ति दिने माध्यम देख्छन्, जब तिनीहरूले त्यसमा हाम्रो पाप प्रकट गर्ने माध्यम देख्नुपर्नेथियो । अरूले पानीको बप्तिस्मालाई स्वर्ग खोल्ने ढोका तुल्याएका छन् । वचनको अर्थ बिगार्नेहरूले पावलका पत्रहरू लिएर मात्र होइन, तर सम्पूर्ण पवित्र धर्मशास्त्रका खण्ड-खण्ड लिएर यसो गर्ने गर्छन् ।

ख्याल गर्नुहोस्, पत्रुसले यहाँ पावलका लेखहरू पवित्र धर्मशास्त्रका अरू पुस्तकहरूसित बराबर र एकसमान स्तरमा राख्दा रहेछन् । बाँकी

पवित्र धर्मशास्त्र भन्नाले पुरानो नियमको जम्मै पुस्तक र त्यस बेलासम्म उपलब्ध भएका नयाँ नियमका अन्य पुस्तकहरू बुझिन्छ। पवित्र धर्मशास्त्र बाइबलका अरू पुस्तकहरूजस्तै पावलका पत्रहरू पनि पवित्र आत्माको प्रेरणाले लेखिएका रचनाहरू हुन् भन्ने कुरा पत्रुसले यहाँ स्वीकार गरेका छन्।

**२ पत्रुस ३:१७:** ख्रीष्ट-विश्वासीहरू भ्रममा पर्नदेखि सधैं होशियार बस्नुपरेको छ। किनभने किसिम-किसिमको भ्रमबाट उनीहरूलाई खतरा आउँछ। सत्यता बिगार्ने वा सत्यताको नकल पार्ने झूटा शिक्षकहरूको अभाव कहिल्यै हुँदैन। यसकारण हामी सधैं जागो रहनुपर्छ र सचेत बस्नुपर्छ। दुष्ट मानिसहरूको भ्रममा पर्नु र आफ्नो आत्मिक सन्तुलण गुमाउनु सम्भव छ। होस नहुनेहरू सजिलोसँग चिप्लन, लड्न सक्छन्।

**२ पत्रुस ३:१८:** जसले झूटा शिक्षकहरूको पासोदेखि उम्कन चाहन्छ, उसले आत्मिक कुराहरूमा प्रगति गरिरहनुपर्छ। यसमा ठूलो सुरक्षा छ। पत्रुसको शिक्षा यस प्रकारको छ। अनि हाम्रो आत्मिक प्रगति दुई क्षेत्रमा हुनुपर्छः हामी अनुग्रहमा र ज्ञानमा बढ्नुपर्छ। यहाँ, यस ठाउँमा अनुग्रह भन्नाले आत्माको फल बुझिन्छ, जुन फल हामीले आफ्नो व्यवहारमा देखाइसक्नुपर्छ। अनि अनुग्रहमा बढ्नु भनेको दिमागे ज्ञानमा बढ्नु होइन अथवा ख्रीष्टीय अविराल क्रियाकलापहरूमा व्यस्त रहनु पनि होइन। तर अनुग्रहमा बढ्नु भनेको प्रभु येशूको समानतामा बढ्दै जानु हो। अनि ज्ञान भन्नाले परमेश्वरको वचनमार्फत प्रभु येशूसितको व्यक्तिगत पहिचान बुझिन्छ, जुन पहिचानमा हामी बढ्नुपर्छ। जसले उहाँका वचनहरू, उहाँका कामहरू र चालहरू अध्ययन गरेर त्योमुताबिक आफूलाई उहाँको इच्छामा सुम्पन्छ, त्यो मानिस उहाँको पहिचानमा बढ्दै जान्छ।

तर पत्रुसले यी पवित्र जनहरूलाई अर्ती दिएरै आफ्नो यो पत्र अन्त्याउन सक्दैनन्। किनभने तिनले आफ्ना मुक्तिदाता प्रभुलाई दिनुपर्ने महिमा अझै पनि पुगेको छैन। *'उहाँलाई नै अहिले पनि र सदासर्दा पनि महिमा होस्! आमेन!!'*

प्रभु येशूलाई महिमा दिनु हाम्रो जीवनको अस्तित्वको मूलकारण हो । यसकारण 'उहाँलाई नै अहिले र सदा-सर्दा महिमा भइरहोस्' भनेर यस पत्रको अन्त गर्ने यस सुन्दर, सुहाउँदो टिका-टिप्पणीभन्दा अन्तिम शब्द अरू के हुन सक्नेथियो त ? यस पत्रलाई सुहाउँदो परम सुन्दर अन्त यही हो ।

# Endnotes:

1) **Introduction:** E. G. Homrighausen, 'The Second Epistle of Peter," Exposition, IB ,XII, 1957, p. 166.
2) **1:5:** From the spoken ministry of Tom Olson, a personal friend of the author.
3) **1:5:** R. C. H. Lenski, The Interpretation of the Epistles of St. Peter, St. John and St. Jude, p. 266.
4) **1:5:** This famous story is widely recounted. See, for example, S. M. Houghton, Sketches from Church History, pp. 114-116.
5) **1:6:** Robert G. Lee, Seven Swords and Other Messages, p. 46.
6) **1:16:** When we use two words to give oune meaning, such as „good and mad" to mean very mad, it is called a hendiadys (from the Greek for „one through two"). The Bible uses this figure of speech frequently, as here, so it is good to be able to recognize it.
7) **1:16:** John A. T. Robinson, Honest to God, p. 32,33.
8) **1:18:** Roman Catholic tradition makes Mt-Tabor the site of the Transfiguration, and it does indeed have shrines on it. Historically this tradition is impossible, as Tabor is not a high mountain and the Gospels say it was «exceedingly high». Also, there was probably a Roman garrison on Mr. Tabor in the time of our Lord, a poor backdrop for a private revelation ! Mt. Hermon, a high snowcapped range north of Galilee is a very likely site.
9) **1:20:** The Greek word epilusis can be translated 'origin" (NKJV margin) as well as ''interpretation."
10) **1:20:** Dinsdale T. Young, The Unveiled Evangel, pp. 13, 14.
11) **1:21:** The critical text (NU) reads ''but men spoke from God."
12) **2:1:** Wallie Amos Criswell, The Evangel, Largo, FL., November 1949, page 1.
13) **2:1:** Nels Ferré, The Sun and the Umbrella, pp. 35, 112.
14) **2:1:** Gerald Kennedy, God's Good News, p. 125.
15) **2:2:** John A. T. Robinson, Honest, p. 118.
16) **2:2:** NCC, Called to Responsible Freedom, p. 11.

**17) 2:6:** A. J. Pollock, Why I Believe the Bible is the Word of God, p. 23.

**18) 2:16:** R. C. H. Lenski, Interpretation, pp. 326, 327.

**19) 2:17:** The word ‘‘forever” is omitted by NU here, but not in the close parallel in Jude 13.

**20) 2:18:** The NU text here reads ‘‘are barely escaping.”

**21) 3:10:** Instead of ‘‘burned up” (katakaeµsetai) the NU text reads ‘‘found” (heuretheµsetai), perhaps meaning ‘‘laid bare.”

**22) 3:16:** Albert Barnes, Notes on the New Testament, X:268.

# BIBLIOGRAPHY

Barbieri, Louis A. *First and Second Peter*. Chicago: Moody Press, 1975.

Bigg, Charles. A Critical and Exegetical Commentary on the Epistles of St. Peter and St. Jude (ICC). Edinburgh: T. & T. Clark, 1901.

Grant, F. W. ‘I and II Peter,” *The Numerical Bible,* vol. 7. New York: Loizeaux Bros., 1903.

Ironside, H. A. *Notes on James and Peter*. New York: Loizeaux Brothers, 1947.

Jowett, J. H. *The Redeemed Family of God*. London: Hodder & Stoughton, n.d.

विलियम म्याक डोनाल्डका अन्य टिप्पणीहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू तपाईंले हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्न सक्नुहुन्छः www.nbcinepal.org

हामीसित सम्पर्क गर्न हाम्रो ठेगानाः nbcinepal@gmail.com

विलियम म्याक डोनाल्डका अरू किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**
**२) मामुली जीवनभन्दा उच्च जीवन**
**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**
**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**
**५) अब यो परमेश्वरको अचम्मको अनुग्रह**
**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**
**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**
**८) मत्तीको सुसमाचारको टिप्पणी**
**९) मर्कूसको सुसमाचारको टिप्पणी**
**१०) यूहन्नाको सुसमाचारको टिप्पणी**
**११) रोमीको पुस्तकको टिप्पणी**
**१२) गलातीको पुस्तकको टिप्पणी**
**१३) हिब्रूहरूको पुस्तकको टिप्पणी**
**१४) प्रकाशको पुस्तकको टिप्पणी**

यी किताबहरू तपाईंले निम्न ठेगानाहरूबाट पाउन सक्नुहुन्छः

Great Joy Book Shop
Maa Supermarket, 1st Floor
Thana Dara
P.O. Kalimpong - 734 301
W.B., India

Phone No.: +91/9933459069 or +91/9547248389

or:

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738